# खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना (वास प्लान) तर्जुमा मार्गदर्शन, २०७६

नेपाल सरकार
खानेपानी मन्त्रालय
खानेपानी तथा ढल व्यवस्थापन विभाग





# खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना (वास प्लान) तर्जुमा मार्गदर्शन, २०७६

**नेपाल सरकार**

**खानेपानी मन्त्रालय**

**खानेपानी तथा ढल व्यवस्थापन विभाग**

# विषय सूची

१. परिचय ........................................ ३

१.१ पृष्ठभूमि ........................................ ३

१.२ खासस्व योजना (वास प्लान) को उद्देश्य ........................................ ३

२. खासस्व योजनाको आधारभूत सैद्धान्तिक पक्षहरु (Fundamental Approach of WASH PLAN) ५

२.१ स्थानीय तहको स्वामित्व (Ownership of Local Government) ........................................ ६

२.२ आपसी सहयोग, समन्वय, सहकार्य र संयुक्त प्रयासहरू (Mutual Coordination, Coopertaion, Collaboration and Joint Efforts) ........................................ ६

२.३ पहुँच नपुगेको ठाउँमा पहुँच पुऱ्याउने र सेवा बञ्चितहरुलाई सेवा पुऱ्याउने अवधारणामा केन्द्रित (Reach to Unreached and Serve to Unserved) ........................................ ७

२.४ भू-सान्दर्भिक सूचना तथा तथ्याङ्कहरु (Geo-referenced Data) ........................................ ७

२.५ सहभागितामूलक (Participatory) र उर्ध्वगामी (Bottom-up) योजना प्रक्रिया ........................................ ८

३. योजना तर्जुमा कार्य-पद्धति तथा औजारहरु (Methodology and Tools) ........................................ ९

४. खासस्व योजना (वास प्लान) ले समेट्ने विषयहरु ........................................ ११

५. खासस्व योजना (वास प्लान) को अवधि र लक्ष्यहरु ........................................ १४

६. खासस्व योजना (वास प्लान) को पूर्ण प्रतिवेदन ........................................ १६

७. तथ्याङ्क संकलनका निम्ति प्रयोग गरिने NWASH Mobile to Web App ........................................ १७

७.१ एन वाश एप (NWASH mobile to web App) को परिचय र जानकारी ........................................ १८

७.२ एन वाश एप (NWASH mobile to web App) को सहि प्रयोग र संचालन ........................................ २३

७.२.१ एन वाश एप (NWASH mobile to web App) को प्रयोग र संचालनमा स्थानीय तहको तयारी ........................................ २३

७.२.२ मौजुदा खानेपानी प्रणालीहरुको अभिलेखनमा एन वाश एपको प्रयोग ........................................ २३

७.२.३ सेवावाट बञ्चित समुदाय सम्वन्धी सूचना र तथ्याङ्क संकलनमा एन वाश एपको प्रयोग ........................................ २५

८. खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको परिभाषा तथा सूचकहरु ........................................ २६

९. खासस्व योजना तर्जुमा प्रक्रिया ........................................ ३१

१०. खासस्व योजना ( वास प्लान) तर्जुमा प्रक्रियाका चरणहरु ........................................ ३५

११. खासस्व योजना (वास प्लान) तर्जुमा प्रक्रिया तथा चरणहरुमा ध्यान दिनुपर्ने कुराहरु ........................................ ४२

१२. खासस्व योजना (वास प्लान) को कार्यान्वयन (Implementation) ........................................ ४४

१३. समय तालिका (Time-Frame) ........................................ ४६

१४. मानव संसाधन व्यवस्था (Human Resource) ........................................ ४७

अनुसूचीहरू ........................................ ५१

खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना (वास प्लान ) को खाका ........................................ ५२

एकीकृत खासस्व कार्ययोजना ........................................ ६२

स्थानीय तहको खासस्व योजना तर्जुमा प्रक्रियाका लागि समय तालिकाको नमूना (Indicative Time Frame for WASH Plan Formulation at Palika Level) ........................................................ ६५

प्रश्नावलीहरू ........................................................ ६८

बजेट आंकलन गर्न सहयोगको लागि एकाइ दररेट ........................................................ ६९

# खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना तर्जुमा मार्गदर्शन

## यस मार्गदर्शनको औचित्य

१. देशभरका स्थानीय तहबाट निर्माण गरिने खासस्व योजना (वास प्लान) को तर्जुमामा एकरुपता र नेपालको खासस्व क्षेत्रगत विकास योजना (SDP) तथा दिगो विकास लक्ष्यसंग तालमेल कायम होस् भन्ने उद्देश्यले सबैका लागि उपयोगी हुने गरी खासस्व योजना तर्जुमा मार्गदर्शन तयार गरी सार्वजनिकरण गर्न उपयुक्त भएको,

२. यो मार्गदर्शनले स्थानीय तहहरुलाई आफ्नो अवस्था, आवश्यकता र लक्ष अनुसार खासस्व योजना तर्जुमा गर्न र साथै सोको कार्यान्वयनका निम्ति आवश्यक मानव , भौतिक तथा वित्तीय श्रोत परिचालन तथा व्यवस्थापन गर्न सहयोगी हुने भएको,

३. यस मार्गदर्शनले हरेक स्थानीय तहमा विकास साझेदारहरुलाई एकीकृत, स्तरीय तथा रणनीतिक खासस्वको नतिजामूलक योजना तर्जुमा गर्न सहयोग पुऱ्याउन सक्ने भएको,

४. यो मार्गदर्शनले खासस्व क्षेत्रको अनुगमनको लागि उपयुक्त औजारको रुपमा प्रयोग गर्न मद्दत पुऱ्याउने भएको,

## यो मार्गदर्शन कसरी प्रयोग गर्ने ?

१. खासस्व योजना (वास प्लान) तर्जुमा गर्नका निम्ति विभिन्न चरणमा अनुसरण गरिनुपर्ने विधि र गर्नुपर्ने क्रियाकलापहरु यस मार्गदर्शनमा उल्लेख भए अनुसार संचालन गर्ने ।

२. हरेक चरणमा गरिने क्रियाकलापलाई यस मार्गदर्शनले विस्तृत रुपमा व्याख्या गरेको छ र हरेक क्रियाकलाप पछि त्यसको परीक्षण र आगामी क्रियाकलापहरुको पनि उल्लेख गरेको छ । सोही अनुरुप खासस्व योजना तर्जुमाको चरणहरु सम्पन्न गर्दै जाने ।

३. नेपालको खासस्व क्षेत्रगत विकास योजना (SDP) तथा दिगो विकास लक्ष्यले राष्ट्रिय स्तरमा निर्धारण गरेको अवधिसम्मको लागि स्थानीय तह अन्तर्गत परिचालन गर्ने गरी निर्णय गरिएका खासस्व क्रियाकलापहरु एकीकृत खासस्व कार्य योजनाको तालिकामा प्रविष्ट (Entry) गरी श्रोत विश्लेषण सहित खासस्व योजना प्रतिवेदन तयार पार्ने ।

## मार्गदर्शनको संरचना

१. यो मार्गदर्शन खानेपानी मन्त्रालय, खानेपानी तथा ढल व्यवस्थापन विभाग, प्रदेश स्तरीय खासस्व कार्यविधि र पालिका तथा वडास्तरीय खासस्व समन्वय समिति र खासस्व सम्वद्ध साझेदारहरुको राय, सुझाव र पृष्ठपोषणमा आधारित छ ।

२. यो मार्गदर्शनले खासस्वको परिचयात्मक अवधारणाबाट प्रवेश भई खासस्व योजना तर्जुमाका चरणवद्ध क्रियाकलापहरु तथा प्रक्रियाहरु तर्फ निम्न जानकारीहरु प्रदान गर्दछ ।

- हरेक चरणहरुमा के-कस्ता क्रियाकलापहरु कसरी संचालन गर्ने सो को पद्धति र प्रक्रियाहरुको विस्तृतीकरण
- आवश्यक तथ्याङ्क तथा जानकारीहरुको संकलन प्रक्रिया
- NWASH MIS (mobile to web tool) को प्रयोग तथा अवलम्वन सम्वन्धी विस्तृत जानकारी तथा NWASH MIS को प्रयोग र संचालन Manual
- एकीकृत कार्य योजना निर्माण
- अनुसूचीमा संलग्न तालिका, नक्सा, सूची र तथ्याङ्क

## मार्गदर्शनले लक्षित गरेको प्रयोगकर्ताहरु

यो मार्गदर्शनले तल उल्लेखित प्रयोगकर्ताहरुलाई लक्षित गरेको छ ।

- संघीय, प्रादेशिक तथा स्थानीय तहका कार्यकारी तथा निर्वाचित प्रतिनिधिहरु तथा स्थानीय तहमा कार्यरत प्राविधिक तथा सम्बद्ध कर्मचारीहरु ।
- विषयगत सरकारी कार्यालयहरु, गैर-सरकारी संस्थाहरु, स्थानीय तहहरुसँग कार्यरत विकास साझेदारहरु, नागरिक समाज र अन्य संघ-संस्थाहरु ।
- खासस्व योजना (वास प्लान) तर्जुमामा सहजीकरण गर्ने विषय विज्ञहरु, परामर्शदाताहरु, सहजकर्ताहरु र सेवा प्रदायकहरु ।

# १. परिचय

## १.१ पृष्ठभूमि

खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) आम मानिसहरुको आधारभूत आवश्यकता हो र यसलाई नेपालको संविधान २०७२ को धारा ३५ (४) ले मौलिक अधिकारको रुपमा लिएको छ। संविधानको यस प्रावधानले सबैलाई सुरक्षित खानेपानी तथा सरसफाइको पहुँच हुनुपर्ने निश्चितता प्रदान गरेको छ। सोही अनुरुप नेपाल सरकारले जुनसुकै समय, जो सुकैलाई र जहाँसुकै पनि प्राप्त हुने सुरक्षित, पर्याप्त, सुलभ, स्वीकार्य र गच्छे अनुसारको खासस्व सेवाको माध्यमबाट सार्वजनिक स्वास्थ्य र जीवनस्तर सुधार गर्ने प्रमुख लक्ष्य राखेको छ। यो लक्ष प्राप्तिमा योगदान गर्न नेपाल सरकारले खासस्व क्षेत्रगत विकास योजना (Sector Development Plan, 2016-2030) पनि तयार गरेको छ। यसै अनुरुप स्थानीय तहहरुमा पनि आ-आफ्नो क्षेत्रमा स्थानीय स्तरको खासस्व योजना तर्जुमा गर्न थालिएको छ।

सोही सन्दर्भमा स्थानीय तहहरुबाट तर्जुमा गरिने खासस्व योजनाहरुमा एकरुपता कायम रहोस् भन्ने उद्देश्यले सो कार्यमा सहयोग तथा समन्वय गर्नका लागि यो खासस्व योजना तर्जुमा मार्गदर्शन तयार गरिएको छ। यसले खासस्व क्षेत्रको समष्टीगत सूचना तथा जानकारीहरु NWASH MIS mobile to web Application को माध्यमद्वारा संकलन गर्ने, भू-सान्दर्भिक (Geo-Referenced) तथ्याङ्कहरुको प्रविधियुक्त नक्शांकन गर्ने, सोको विश्लेषण गर्ने तथा हालसम्म खासस्व सेवा र सुविधाबाट वञ्चित समुदायको पहिचान गरी सो स्थान र समुदायमा सेवा प्रवाहको सुनिश्चितता सहित योजना निर्माण गर्ने कार्यमा सबै स्थानीय तहहरुलाई सहजीकरण गर्ने छ। यस मार्गदर्शनमा खासस्वसंग अन्तर सम्बन्धित विषयवस्तुहरु लैंगिक समानता र सामाजिक समावेशीकरण, विपद व्यवस्थापन, जलवायु परिवर्तन तथा अनुकूलन र मानव श्रोत विकास, सांगठनिक सुदृढीकरण तथा क्षमता विकास सम्वन्धी क्रियाकलापहरु पनि संलग्न गरिएको छ र सो को विश्लेषण गर्न के कस्ता प्रक्रियाहरु अवलम्वन गरिने र कस्ता क्रियाकलापहरु उपयुक्त हुन सक्दछन् भन्ने बारेमा पनि संक्षेपमा व्याख्या गरिएको छ।

हरेक स्थानीय तहको खासस्व विकासको निम्ति यस मार्गदर्शन वमोजिम तर्जुमा गरिएको खासस्व योजनाले एक आधारभूत औजारको रुपमा काम गर्नेछ।

## १.२ खासस्व योजना (वास प्लान) को उद्देश्य

खासस्व योजनाको प्रमुख उद्देश्य स्थानीय तहमा खानेपानी, सरसफाइ तथा स्वच्छताको मौजुदा स्थिति पत्ता लगाई सेवाबाट बञ्चित समुदाय तथा क्षेत्रको लागि खासस्व सेवाको सुनिश्चितता र सेवामा स्तरीकरण प्रदान गर्न योजना निर्माण गर्नु हो। स्थानीय तहमा विद्यमान श्रोतहरुको औचित्यपूर्ण तथा समतामूलक वितरण र समस्याको दिगो समाधान सहितको योजना निर्माण नै खासस्व योजनाको प्रमुख अपेक्षित प्रतिफल हो।

खासस्व योजना (वास प्लान) को विशिष्ट उद्देश्यहरू निम्न प्रकार रहेका छन् ।


१. खानेपानीका विद्यमान स्रोतहरू तथा मौजुदा खानेपानी तथा सरसफाइ सम्वन्धी संरचना/सुविधाहरूको लगत संकलन गरी तथ्याङ्कको आधाररेखा (baseline) तयार गरी अभिलेखन गर्ने ।
२. स्थानीय तह क्षेत्रभित्रका सेवा नपुगेका स्थान र पहुँच वाहिरका समुदायमा खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको पहिचान र सेवा प्रवाहको सुनिश्चितता सहित अल्पकालीन र दीर्घकालीन रणनीतिक योजना तयार पार्ने ।
३. खानेपानी, सरसफाइ तथा स्वच्छतासंग अन्तरसंबन्धित विषयवस्तुहरू जस्तै लैङ्गिक समानता र सामाजिक समावेशिता (Gender Equality and Social Inclusion), जलवायु परिवर्तन अनुकुलन (Climate Change Adaptation), विपद जोखिम व्यवस्थापन (Disaster Risk Management) आदि लाई महत्व दिंदै स्रोत परिचालन र प्रवर्द्धन योजना तयार गर्ने ।
४. स्थानीय तह क्षेत्र भित्रको सेवा विस्तार तथा सेवा स्तरोन्नति सहित निश्चित समयावधिमा दिगो विकास लक्ष्यले तोकेका क्षेत्रगत सूचकहरू पूर्ण रूपमा प्राप्त (१००%) गर्न प्रतिवद्धता सहितको रणनीतिक योजना तयार पार्ने ।
५. खासस्व योजना (वास प्लान) संग अन्य विषयगत योजनाहरूलाई एकीकृत गर्नको निम्ति स्थानीय तहको संस्थागत सुदृढीकरण कार्य योजना सहित स्थानीय सरकारलाई सहजीकरण गर्ने ।
६. खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको वार्षिक योजना तथा वजेट निर्माण गर्न सहजीकरण गर्ने ।
७. खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको व्यवस्थापन सूचना प्रणाली (MIS) लाई एकरुपता प्रदान गर्ने ।

माथिका उद्देश्यहरु परिपूर्ति गर्न तर्जुमा गरिने खासस्व योजना (वास प्लान) स्थानीय तहका प्रतिनिधि, कार्यकारी निकाय तथा प्राविधिक, स्थानीय समुदाय, वडा स्तरीय जनप्रतिनिधि र विषय विज्ञहरु सहित स्थानीय आवश्यकता प्रतिविम्वित हुने गरी समतामूलक र सहभागितात्मक विधिद्वारा प्राथमिकीकरण गरी स्थानीय सरकारद्वारा प्रमाणीकरण गरिनेछ ।

# २. खासस्व योजनाको आधारभूत सैद्धान्तिक पक्षहरु (Fundamental Approach of WASH PLAN)

स्थानीय तहमा तयार गरिने खासस्व योजना खासगरी पालिकास्तरको समग्र विकास रणनीतिक योजनाको एवं अंग हो जसले समग्र विकास योजना भित्रको खासस्व पक्षलाई समेट्छ। खासस्व योजना खानेपानी र सरसफाइ र त्यससंग सम्बद्ध सबै पक्षलाई समेटी एकीकृत ढंगले निर्माण गरिन्छ।

तलको रेखाचित्र (Diagram) ले पालिकास्तरमा तयार गरिने खासस्व योजनाको आधारभूत सैद्धान्तिक (Fundmental Approach) पक्षहरुलाई प्रतिविम्वित गर्दछ।




चित्र (Figure) १: खासस्व योजना (वास प्लान) को आधारभूत सैद्धान्तिक पक्षहरु

माथि उल्लेख गरिएका उद्देश्यहरु पूर्ति गर्न खासस्व योजना तर्जुमा प्रक्रियाले निम्नानुसार आधारभूत सैद्धान्तिक पक्षहरु (Approach) अवलम्बन गर्दछ । खासस्व योजना तर्जुमाका अन्तरनिहित सिद्धान्त, विशिष्टताहरु वा विशेषताहरुमा यसले अवलम्बन गर्ने सैद्धान्तिक पक्ष (Approach), पद्धति (Methodology), प्रविधि (Technology) र स्रोत तथा साधनहरु (Resources/ Means) पर्दछन् ।

यी सैद्धान्तिक पक्षहरु (Approach) अवलम्वन गरी तर्जुमा गरिएका खासस्व योजना स्थानीय सरकार तहको समग्र विकास कार्यक्रमको निम्ति योजना निर्माणको औजारका (Planning To) रुपमा प्रयोग हुनेछ । स्थानीय तह र प्रदेश सरकारको निम्ति पनि खासस्व योजना र कार्यक्रम निर्माण गर्दा यो खासस्व योजनाले मार्ग दर्शन गर्नेछ। त्यतिमात्र नभएर रणनैतिक र आवधिक योजना तर्जुमा गर्न र सो अनुरुपको श्रोत विश्लेषण र आयोजना प्रस्तावना तयार गर्न यो खासस्व योजना वजारीकरण र समन्वीकरण औजार (Marketing and Coordination Tool) को रुपमा स्थानीय तहले प्रयोग गर्न सक्नेछन् । वित्तिय श्रोत जुटाउन संघीय सरकार, प्रदेश सरकार सहित अन्य विकास साझेदारहरुसंग समन्वय, वार्ता र संझौता गर्दा पनि स्थानीय तहले खासस्व योजनालाई महत्वपूर्ण आधारभूत दस्तावेजको रुपमा उपयोग गर्न सक्नेछन् । यो योजना स्थानीय सरकारलाई प्राथमिकता सहितको लगानी योजना (Investment Plan) निर्माण गर्दा पनि अति नै उपयोगी हुन सक्दछ ।

## २.१ स्थानीय तहको स्वामित्व (Ownership of Local Government)

माथि चित्र नं.१ मा देखाइए जस्तो खासस्व योजनाको प्रमुख सैद्धान्तिक पक्ष भनेको, यो सम्वन्धित स्थानीय तहले निर्माण गर्दछ र स्वामित्व ग्रहण गर्दछ । यसमा स्थानीय वासिन्दाको जनसहभागिता र स्थानीय सरकारको नेतृत्व रहन्छ। योजना तर्जुमा चरणमा तथ्याकं संकलन तथा आयोजनाको आवश्यकता र प्राथमिकीकरणको प्रक्रिया धेरै जसो समुदाय तथा उपभोक्ताहरुद्वारा स्थानीय स्तरमै व्यवस्थापन गरिन्छ । स्थानीय तहको क्षमता अभिवृद्धिकरण र समुदायको सचेतिकरणमा पनि योजना तर्जुमा चरणमा ध्यान केन्द्रित गरिन्छ ।

## २.२ आपसी सहयोग, समन्वय, सहकार्य र संयुक्त प्रयासहरू (Mutual Coordination, Coopertaion, Collaboration and Joint Efforts)

खासस्व योजना एक समन्वयत्मक सहकार्य हो। यसको प्रमुख आधार नै सम्बन्धित पालिकाको निर्णय र अधिकार क्षेत्रभित्र रहेर योजना तर्जुमामा व्यापक समन्वयात्मक सहकार्यको कार्यान्वयन हो । योजना तर्जुमाका विभिन्न विधि प्रक्रिया र प्रविधिमा सहयोग पुर्‍याउनका लागि स्थानीय तहहरुमा आवश्यकता अनुसार स्थानीय तहहरुद्वारा नै सेवा प्रदायक संस्थाहरु वा विज्ञहरुको छनौट गरिन्छ । सेवा प्रदायक संस्थाहरु भन्नाले वहु विषयगत (multi-disciplinary) वा पेशागत (professional) विज्ञहरुको टोली पनि हुन सक्दछन् । संघीय मन्त्रालय, विभाग र कार्यालय, प्रादेशिक मन्त्रालय विभाग र सम्बद्ध कार्यालय तथा अन्य क्षेत्रगत विकास साझेदारहरुको पनि यसमा सल्लाह, सुझाव, मार्गदर्शन र पृष्ठपोषण रहने भएको हुँदा खासस्व योजना तर्जुमा प्रक्रिया एक मिलीजुली/सहयोग पूर्ण वा संयुक्त प्रयास पनि हो। यसले केन्द्र

र प्रदेश संगको सहकार्यको मार्ग प्रशस्त गराउने ध्येय पनि राखेको छ। विभिन्न अन्य स्थानीय तहहरुका सिकाइ र अनुभवहरु पनि खासस्व योजना तर्जुमा प्रक्रियामा समावेश गर्न सकिन्छ।

खासस्व योजनाको आधारमा पालिका प्रदेश र संघको पनि खासस्व क्षेत्रमा सो पालिका स्तरमा गर्नुपर्ने Intervention, Cooperation र Mutual Understanding (कार्यहरू, सहयोग र आपसी समझदारी) तय हुने भएकोले यो योजना तर्जुमा एक समन्वयात्मक सहकार्य पनि हो। प्रदेश स्तरमा तयार गरिएको कार्यविधि, संघीय विभागको मार्ग दर्शन / निर्देशिका र पालिकास्तरको निर्णय सबैलाई समन्वयात्मक रुपमा अवलम्बन गरी खासस्व योजना तर्जुमा गरिन्छ।

खासस्व योजना एक जीवन्त दस्तावेज (Live Document) हो, जसको सान्दर्भिकता संघ र प्रदेश देखि स्थानीय तहको वडा स्तरसम्म हरदम रहिरहन्छ।

## २.३ पहुँच नपुगेको ठाउँमा पहुँच पुऱ्याउने र सेवा बञ्चितहरुलाई सेवा पुऱ्याउने अवधारणामा केन्द्रित (Reach to Unreached and Serve to Unserved)

खासस्व योजना तर्जुमाको सबैभन्दा महत्वपूर्ण पक्ष भनेको सम्बन्धित स्थानीय तह क्षेत्र भित्र खासस्व सेवा सवैलाई समान रुपमा पुऱ्याउने अवधारणामा केन्द्रित हुनु हो। सेवा बाट वञ्चित समुदाय, जनसंख्या र संघ संस्था विशेष गरी विद्यालय र स्वास्थ्य संस्थालाई समुचित सेवा पुऱ्याउनु र कहिल्यै कोही नपुगेका ठाउँ / समुदायमा सेवा सहित पुग्ने मार्ग प्रशस्त गर्नु हो। यसको अर्थ खासस्व योजना तर्जुमा गर्नु भनेको स्थानीय तहको समग्र खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रमको पूर्ण सुनिश्चितता प्रदान गर्न मार्ग प्रशस्त गर्नु हो।

मौजुदा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी संरचनाहरूको सुधार, विस्तार वा पुनर्निर्माण जस्ता कार्यहरूलाई पनि यो योजनाले समेट्ने गर्दछ।

खासस्व योजना तर्जुमा गर्दा मौजुदा खानेपानी श्रोतको अभिलेखन र संभाव्य श्रोतहरुको खोजी र विश्लेषण गरिन्छ। यसका लागि पालिका स्तरबाट योजना तर्जुमाको पहिलो चरणमै बनाइएको योजना खाका (Framework) र सर्वेक्षण, अध्ययन तथा परामर्शबाट प्राप्त आधार रेखा तथ्याङ्कको आधारमा पहिचान गरिएको भिन्नता (Gap) लाई परिपूर्ति गर्न योजनाहरुको छनौट तथा प्राथमिकीकरण गरी आवश्यक बजेट सहित खासस्व योजनाको एकीकृत कार्य-योजना तयार गरिन्छ।

## २.४ भू-सान्दर्भिक सूचना तथा तथ्याङ्कहरु (Geo-referenced Data)

खासस्व योजना तर्जुमामाको अर्को प्रमुख विशेषता भनेको भू-सान्दर्भिक सूचना तथा तथ्याङ्कहरु (Geo-referced Data) हुन्। खासस्व योजना तर्जुमा प्रक्रियामा संकलन गरिने मौजुदा तथ्याङ्क र सूचनाहरु सबै प्रविधियुक्त विधि र औजारहरु NWASH Apps (mobile to web tool) प्रयोग गरी गरिन्छ। NWASH Software System को Mobile मा In-built Apps हरुको माध्यमबाट सबै संकलित तथ्याङ्क र सूचनाहरु

प्रतिवेदनको रुपमा प्राप्त गरिन्छ । हरेक सूचनाहरु र तथ्याङ्कहरुमा त्यस स्थलको, GPS Location सहित फोटो र जानकारीहरु समावेश भएको हून्छ । त्यसैले यो प्रक्रियाबाट संकलित तथ्याङ्क सूचनाहरु प्रमाणमा आधारित (Evidence Based) र स्थल आधारित (Spot Based ) हुन्छन् । मौजुदा सूचना र तथ्याङ्कहरुबाट आधार रेखा (Base Line Information) जानकारी स्थापना गरिन्छ र पालिका तहसंगको परामर्श/गोष्ठीले तयार गरेको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन सोच र लक्ष्यको खाका (Framework) प्राप्त गर्न कति अन्तर (Gap) छ पत्ता लगाउन अत्यन्त भरपर्दो मापदण्ड (Benchmark) बन्दछ ।

## २.५ सहभागितामूलक (Participatory) र उर्ध्वगामी (Bottom-up) योजना प्रक्रिया

खासस्व योजना तर्जुमाको अर्को आधारभूत सैद्धान्तिक पक्ष हो - सहभागितामूलक (Participatory) र उर्ध्वगामी (Bottom-up) योजना पहिचान तथा तर्जुमा प्रक्रिया । यसका लागि सेवाप्रदायक संस्था, विज्ञ/जनप्रतिनिधि र सरोकारवालाहरुले समुदायस्तरमै छलफल तथा परामर्श गरी समुदाय, विशेष गरी सिमान्तकृत समुदायको आवाजलाई मुखरीत हुने अवसर प्रदान गर्दछन् । त्यसपछि वडा स्तरीय छलफल, परामर्श र गोष्ठीमा पनि वडा भित्रका जनसमुदाय र जनप्रतिनिधिहरुले व्यापक अन्तरक्रिया र छलफल पछि आवश्यकता अनुसार योजना पहिचान र प्राथमिकीकरण गर्दछन् । समुदाय र वडास्तरीय परामर्श पछि मात्र पालिकास्तरमा छलफल गरिन्छ र प्राथमिकीकरण गरी निर्णय गरिन्छ । तलबाट माथितिर जाने उर्ध्वगामी (Bottom-up) सैद्धान्तिक आधारमा योजना तर्जुमा गरिने भएकोले यो सहभागितामूलक र उर्ध्वगामी हुन्छ भनिएको हो । योजना तर्जुमा प्रक्रियामा सबैको अधिकारको सम्मान गरिन्छ र समुदायसंग सहभागितामूलक पद्धतिद्वारा आयोजनाहरुको प्राथमिकीकरण गरिन्छ ।

# ३. योजना तर्जुमा कार्य-पद्धति तथा औजारहरु (Methodology and Tools)

खासस्व योजना तर्जुमा अपनाइने प्रमुख कार्य पद्धति (Methodology) लाई तल संक्षेपमा बुँदागत रुपमा उल्लेख गरिएको छ ।

क. योजना तर्जुमाको लागि आवश्यक पर्ने सूचना र तथ्याङ्कको द्वितीय श्रोत (Secondary Source) हरु संघीय मन्त्रालय, संयुक्त राष्ट्रसंघका निकायहरू, सरोकारवाला संघ संस्थाहरु आदि द्वारा तयार पारिएका दस्तावेज, प्रतिवेदन, कार्यविधि, मागदर्शन र स्थानीय तहमा बनाइएका मौजुदा योजनाहरु हुनेछन् । खासस्व क्षेत्रगत विकास योजना (Sector Developent Plan) र दिगो विकास लक्ष्य (Sustainable Development Goal) ले उल्लेख गरेको आधारभूत सूचकांक (Index), खासस्व क्षेत्रका प्रमुख सूचांकहरुको परिभाषा (Definition) र लक्ष्यलाई नै केन्द्रमा राखी यसलाइ स्थानीयकरण गरी स्थानीयस्तरको योजना तर्जुमा गरिने हो । त्यसैले खानेपानी, सरफाइ र स्वच्छता लगायत योजनासंग सम्वद्ध अन्य सूचकहरु सबै SDP र SDG मा उल्लेख भएअनुसार नै हुनेछन् ।

ख. तथ्याङ्क र सूचना संकलनका लागि NWASH MIS (mobile to web tool) को Mobile Apps मा Inbuilt गरिएमा प्रश्नावली र जाँचसूची (Checklist) को प्रयोग गरिन्छ । सो बाहेक अन्य पूरक सूचना र तथ्याङ्कको लागि केन्द्रित समूह छलफल (FGD - Focus Group Discussion), मुख्य सूचनादातासंगको अन्तर्वाता (Key Informents Interview), गहन परामर्श छलफल (Close Consultation) र स्थलगत अवलोकन (On-the-spot Observation) आदि विधि तथा औजारहरु प्रयोग गरिन्छ ।

ग. योजना तर्जुमा गर्दा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी कार्यक्रमहरुको अलावा, पालिकास्तरको क्षमता अभिवृद्धि, प्राविधिक सहयोग, जलवायु परिवर्तन अनुकुलन कार्यक्रम र आपत्कालीन (Emergency) आवश्यकताका लागि पनि सोच सहित कार्यक्रमहरुको पहिचान गरिन्छ ।

घ. पालिकास्तरको क्षमता अभिवृद्धि कार्यकम तर्जुमाका लागि सर्वप्रथम सो पालिकाको खासस्व क्षेत्र ( WASH Sector ) को मौजुदा अवस्था थाहा पाउन जरुरी छ । सो का लागि SWOT Analysis (Strength - सवल पक्ष, Weakness - कमजोर पक्ष, Opportunity - अवसर and Threat- जोखिम) द्वारा पालिका स्तरको अवस्था पहिचान गर्नुपर्दछ । SWOT Analysis द्वारा पहिचान भएको अवस्थाको आधारमा तयार पारिने जाँच सूची (Check-list) प्रयोग गरी पालिकास्तरको खासस्व क्षेत्रको क्षमता अभिवृद्धिका लागि आगामी योजना तयार पार्नु पर्दछ ।

ङ. पालिकास्तरको योजना तर्जुमा गर्न आवश्यक पर्ने तथ्याङ्क र सूचना संकलनका लागि गरिने सर्वेक्षण (Survey) जनगणना विधि (Census) वा नमुना संकलन विधि (Sampling) मध्ये कुन विधिवाट गर्ने भन्ने कुराको निर्णय सम्वन्धित पालिकाले नै गर्नेछ । उपलव्ध हुने स्रोत साधन र दक्षता तथा समय आदि पक्षलाई ध्यान दिएर कुन विधिबाट सर्वेक्षण गर्ने हो सोही अनुसार आवश्यक निर्णय गरिन्छ । सर्वेक्षण विधि (Survey method) कै कारणवाट संकलित तथ्याङ्क र सूचनाको वैधता (Validity) र गुणस्तर जस्ता आधारभूत मान्यतामा कमि आउनु हुँदैन ।

## ४. खासस्व योजना (वास प्लान) ले समेट्ने विषयहरु

नेपालको संविधान २०७२ ले प्रदान गरेको सबै नागरिकहरुका निम्ति सुरक्षित खानेपानी र सरसफाइको सुनिश्चितता, दिगो विकास लक्ष्यले लक्षित गरेको सुचकहरु र खासस्व क्षेत्रगत विकास योजना (SDP) तथा दिगो विकास लक्ष्य (SDG) को आधारमा हरेक स्थानीय तह अन्तर्गत श्रोत पहिचान र परिचालनका निम्ति खासस्व योजना अत्यावश्यक रहेको देखिन्छ ।

खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व, विगतमा **WaSH** भनिंदै आएको) क्षेत्रमा राष्ट्रिय स्तरमा तयार भएको क्षेत्रगत विकास योजना (SDP) नै स्थानीय स्तरमा तयार गरिने खासस्व योजनाको प्रमुख मार्गदर्शन दस्तावेज हो । यो योजना दिगो विकास लक्ष्य (SDG) संग तालमेल (Aligned) गरी वनाइएको छ । क्षेत्रगत विकास योजना (SDP) को अध्याय दश (क्षेत्रगत विकास योजनाको कार्यान्वयन) खण्ड १०.१ः पहिलो चरण (२०१७-२०२२) अन्तर्गत १०.१.२ः मा स्थानीय खासस्व योजना निर्माण गर्ने कुरा स्पष्ट उल्लेख छ । यसमा यस क्षेत्रगत विकास योजनाको प्रभावकारी कार्यान्वयनका लागि प्रत्येक स्थानीय तहले यस योजनाका लक्ष्यहरु हासिल गर्ने हिसावले स्थानीय खासस्व योजना निर्माण गरी कार्यान्वयन गर्नेछन् भनी स्पष्ट किटान गरिएको छ ।

त्यसैगरी पूर्ण सरसफाइ मार्गदर्शन २०७३ मा पूर्ण सरसफाइ सफा तथा स्वच्छ क्षेत्र चरणको ३ नं. वुँदामा खानेपानी, सरसफाइ र स्वच्छता सम्वन्धी तथ्याङ्क संकलन तथा विश्लेषण गरी सम्बन्धित क्षेत्रमा समन्वय समितिहरुले सरोकारवालाहरुको सहभागिता र सक्रियतामा पालिका सरसफाइ र स्वच्छता योजना (Wash Plan) तर्जुमा गरिने छ भनी उल्लेख गरिएको छ ।

खासस्व योजनाले समग्र स्थानीय तहको क्षेत्राधिकार भित्रको स्थानीय श्रोतहरुको पहिचान, अभिलेखीकरण र विश्लेषण गरी संभाव्य प्राविधिक विकल्पहरु सहित प्रभावकारी, दिगो र उपयुक्त कार्यक्रमहरुलाई प्रस्तुत गरी उपयुक्त लगानीका अवसरहरुको खोजी गर्न पनि प्रभावकारी भूमिका खेल्न सक्छ ।

यी सबै प्रावधान, सोच र योजना अनुरुप नै खासस्व योजनाको अपरिहार्यता पुष्टी हुन्छ । यस्तो योजना तर्जुमा गर्दा हरेक स्थानीय तहहरुको खासस्व क्षेत्रको सामान्य र विशिष्ट आवश्यकताहरु के कस्ता क्रियाकलाप र आयोजनाहरुको खाँचो छ, त्यसका लागि आवश्यक लगानीका श्रोतहरु के-कस्ता हुन सक्छन्, त्यसका लागि जिम्मेवार निकाय र सरोकारवालाहरु को-को हुन्, सो क्रियाकलाप तथा आयोजनाहरु कहाँ संचालन गरिने हो त्यसबाट लाभान्वित हुने उपभोक्ता वा लगानीकर्ता को को छन् र सो क्रियाकलाप तथा आयोजनाहरु कति समयमा सम्पन्न गरिने हो, सबैको स्पष्ट लेखाजोखा र पहिचान गरिनु पर्छ । योजना निर्माणको आवश्यक तत्व (5W-H:- What-के, Who-को, Why-किन, Where-कहाँ, When-कहिले, How-कसरी) जस्ता सवालहरुले अपेक्षित गरे अनुसार स्पष्ट पहिचान वा किटान हुन सक्यो भने सो योजना कार्यक्रम सफल बनाउन सकिन्छ ।

खासस्व योजनाको अपेक्षित परिणाम (Result) हरुको आधारमा यसले समेट्ने विषयहरुको यकिन गर्न सकिन्छ। मुख्यत: खासस्व योजनाले समेट्ने विषयवस्तुहरु तल उल्लेख गरिएका वमोजिमका हुन्।

१. लगत अभिलेख / सूची (Inventory)
२. आशातित क्षेत्र, लक्ष्य र प्रतिफल
३. कार्यान्वयनको रणनिति

**लगत अभिलेख / सूची (Inventory):**

क. हालसम्म खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा विहीन रहेको जनसंख्या समुदाय

ख. छुटेका र एकल समुदाय/जनसंख्या तथा संघ संस्था

ग. आशिक सेवा प्राप्त भइरहेको समुदाय क्षेत्र जनसंख्या

घ. मौजुदा खानेपानी र सरसफाइका सुचारु (Functional) प्रणालीहरु

ङ मौजुदा खानेपानी **र** सरसफाइका आशिक सुचारु (Semi-functional) प्रणालीहरु र नष्ट भईसकेको (Non-functional) प्रणालीहरु

स्थानीय जन समुदाय र जनप्रतिनिधिहरुसंगको छलफल र सल्लाहमा खासस्व योजना तर्जुमा गर्दा खानेपानी सेवा निर्माण मार्फत, पुन:निर्माण तथा विस्तार आदि गर्नुपर्ने देखिएमा निम्नानुसार प्रावधानहरुलाई आधार मानी गर्न सकिन्छ।

१. **हालसम्म सेवा विहीन रहेको जनसंख्या समुदाय तथा संघ संस्था** पहिचान र किटान भएको अवस्थामा नयाँ खानेपानी आयोजनाको प्रस्ताव गर्ने।

२. **छुटेका र एकल समुदाय/जनसंख्या तथा संघ संस्था :** मौजुदा प्रणालीको विस्तार वा अन्य वैकल्पिक खानेपानीका प्रक्रिया (वर्षाको पानी संकलन) या सुधारिएको प्रणालीको प्रस्ताव गर्न सकिने।

३. **संचालनमा नभएका प्रणाली:** मौजुदा प्रणालीको पुन:निर्माण वा पुन:संरचना गर्न सकिने अवस्था रहे सो अनुसार प्रस्ताव गर्ने। यदि कुनै नयाँ श्रोतबाट पानी ल्याई मौजुदा प्रणालीमा जोड्न सकिन्छ भने सो विकल्पमा पनि विचार गर्न सकिन्छ। योजना तर्जुमामा सम्वद्ध (सेवा प्रदायकले मौजुदा प्रणालीका अभिलेखहरु संकलन गरि यदि पुर्नप्रयोग, पुन:निर्माण, पुनसंरचना वा विस्तार गर्ने अवस्था देखिएमा नयाँ आयोजना नै प्रस्ताव गर्न सकिने।

४. **आशिक सेवा प्राप्त गरिरहेको संघ संस्था, समुदाय, क्षेत्र, जनसंख्या :** यस्तो अवस्थामा आयोजनाको सुचारुपन Functionality को अवस्था विश्लेषण गरी स्तरोन्नतिका आयोजनाहरु प्रस्तुत गर्न सकिन्छ।

खासस्व योजना तर्जुमा गर्दा यस्ता आयोजनाहरु पहिचान भै सकेपछि सो को सामान्य लागत मुल्य पनि हिसाव गरी योजनामा संलग्न गर्नुपर्दछ। पूर्व संभाव्यता स्तर (Pre-feasibility) सम्मको लागत मूल्य

हिसाव गर्दा सेवा प्रदायकले सामान्य व्यवहारिक इन्जिनियरिङ्ग सुत्र प्रयोग गर्न सक्नेछन् । Quick Reference Tool (QRT) प्रयोग गरी सो अनुसार कायम गरिएको लागतले ती प्रस्तावित आयोजनाहरुको सरदर लागत मूल्य निर्णयकर्ताहरुका लागि उपलब्ध गराउँदछ । ( हेर्नुहोस् अनुसूची ५ )।

यस्ता आयोजनाहरु पहिचान र प्रस्ताव गर्दा सामान्य प्राविधिक नाप जाँच र परीक्षण पनि गरिने हुँदा पहिचान गरिएका आयोजनाहरु सामान्यतः प्राविधिक रुपमा संभाव्य र उपयुक्त हुनेछन् ।

खासस्व योजना तर्जुमा गर्दा तथ्याङ्क संकलन, लेखाजोखा र विश्लेषणको लागि NWASH MIS (Mobile to web tool) प्रयोग गरिनेछ । सो अनुसार मौजुदा खानेपानी प्रणालीको तथ्याङ्कहरु सोही Mobile Apps को आधारमा हुनेछ । हरेक संरचना, पाइपलाइन र धाराको तथ्याङ्क GIS Based Application बाट संकलन गरिंदा सबै तथ्याङ्कहरु भू-सान्दर्भिक (Geo-Referenced) हुन आउँछ । हरेक संरचना र पाइप लाइन को अवस्थिति GPS तथ्याङ्कसहित अभिलेख हुने गर्दछ ।

खासस्व योजना तयारीको क्रममा खासस्व संगका अन्तरसम्बन्धित विषयवस्तुहरु जलवायु परिवर्तन र अनुकुलन, विपद जोखिम न्यूनीकरण र व्यवस्थापन जस्ता समसामयिक सवालहरु पनि समावेश गरिन्छन् ।

# ५. खासस्व योजना (वास प्लान) को अवधि र लक्ष्यहरु

खासस्व योजना तर्जमा गर्दा खासस्व क्षेत्रगत विकास योजना (SDP) ले निर्धारित गरे अनुसार नै सन् २०३० सम्मको परिदृष्य लाई अंगिकार गरिनेछ । यसरी समय अवधि निर्धारण गर्दा स्थानीय तहसंगको छलफल, सरसल्लाह र निर्णय र उपलब्ध श्रोत साधनको विश्लेषण गरी अति आवश्यक आयोजनाहरु सन् २०२२ सम्म त्यसपछि सन् २०२३-२०२६ र २०२७-२०३० गरी वर्गिकरण गर्न सकिनेछ ।

खासस्व क्षेत्रगत विकास योजना (SDP) ले निर्धारित गरे अनुसार नै स्थानीय स्तरमा पनि खासस्व लक्ष्यहरु निम्नानुसार तोक्न सकिन्छ। स्थानीय स्तरको आवश्यकता र श्रोतहरुको उपलब्धताको आधारमा राष्ट्रिय लक्ष्यभन्दा चाँडो स्थानीय लक्ष्य राख्न सकिन्छ ।

**खासस्व योजना को अवधि र लक्ष्यहरु,**

| अवधि | लक्ष्यहरु |
|---|---|
| तत्कालीन चरण (सन् २०२२ सम्म) | सवैको आधारभूत खासस्व सेवाहरुमा पहुँच<br>सेवाको स्तरमा सुधार (मध्यम २५%, उच्च २५% ) जनसंख्या |
| मध्य कालीन चरण (सन् २०२३-२०२६ सम्म) | सेवाको स्तरमा सुधार (मध्यम ४०%, उच्च ३०% ) जनसंख्या<br>कार्यक्षमता र दिगोपना सुधार |
| दीर्घ कालीन चरण (सन् २०२७-२०३० सम्म) | सेवाको स्तरमा सुधार (मध्यम ५०%, उच्च ५०% ) जनसंख्या<br>प्रभाव लेखाजोखा |

सेवा स्तर मापनका निम्ति पनि विशेषत खानेपानी क्षेत्रमा मुख्य दुई र सहायक पाँच गरी सात पारामिति (Parameter) तोकिएका छन् । मुख्य दुईमा आवश्यकता (Needs) र गुणस्तर (Water Quality) हुन् भने अन्य पाँचमा सुलभ पहुँच (Accessibility), विश्वसनियता (Reliability), लचकता (Resiliency), सेवाको दृढाङ्गता (Robustness) र वार्षिक सर्भेको आधारमा सेवा सन्तुष्टि (Service Satisfaction) स्तर हो । यी सवै पारामिति सहित खानेपानी क्षेत्रको सेवा स्तरको विस्तृत सूचकांक र सेवाको स्तर बर्गिकरण तलको तालिका (Matrix Table) ले स्पष्ट पार्दछ ।

| पारामितिहरु | | सेवाको स्तर | | | |
|---|---|---|---|---|---|
| | | निम्न स्तरीय | आधारभूत | मध्यम | उच्च |
| आवश्यकता (Needs) | परिमाण (LPCD- लिटर प्रतिव्यक्ति प्रतिदिन) | २५-४५ | ४५-६५ | ६५-१०० | १००-१५० |
| | स्वच्छता (Hygiene) | संभव नभएको (जवसम्म | सवै आधारभूत व्यक्तिगत र खाद्य स्वच्छता संभव | सवै आधारभूत व्यक्तिगत र खाद्य स्वच्छता सुनिश्चित | सवै स्वच्छताका आवश्यकताहरु पूरा हुने |

| | | | | | |
|---|---|---|---|---|---|
| | | मुहानमै अभ्यास गरिंदैन ) | हुने, कपडा धुन र नुहाउन अपुग | भएको, कपडा धुन र नुहाउन पनि सुनिश्चित हुने | |
| **गुणस्तर (Water Quality)** | | पिउन योग्य | राष्ट्रिय गुणस्तर मानक (ग्रामिण मापदण्ड) पूरा गर्छ । | राष्ट्रिय गुणस्तर मानक पूरा गर्छ । | राष्ट्रिय गुणस्तर मानक पूरा गर्छ । |
| **सुलभ पहुँच (Accessibility)** | | २५% भन्दा कम उपभाक्ताले निजि धारा जडान गरेको | २५% भन्दा वढि उपभाक्ताले निजि धारा जडान गरेको | १००% उपभाक्ताले निजि धारा जडान गरेको | १००% उपभाक्ताले निजि धारा जडान गरेको |
| **विश्वसनियता (Reliability)** | वितरण अवधि (घण्टा/दिन) | - | ८ (अधिक माग समयमा) | १२ (दिनको समयमा) | २४ (चौबिसै घण्टा) |
| | निरन्तरता (Continuity) | - | एक महिनामा एक पटकसम्म रोकावट हुने | तीन महिनामा एक पटकसम्म रोकावट हुने | १२ महिनामा एक पटकसम्म रोकावट हुने |
| **लचकता (Resiliency)** | | | अवरुद्ध सेवा २ दिन भित्र सुचारु हुने | अवरुद्ध सेवा १ दिन भित्र सुचारु हुने | अवरुद्ध सेवा १ दिन भित्र सुचारु हुने |
| **सेवाको दृढाङ्गता (Robustness)** | | | | प्रणालीले सेवाको मानकमा संभ्मौता नगरी थप १०% अचानक श्रृजित माग धान्न सक्ने | प्रणालीले सेवाको मानकमा संभ्मौता नगरी थप १०% अचानक श्रृजित माग धान्न सक्ने |
| सेवा सन्तुष्टि स्तर **(Service Satisfaction)** (वार्षिक सर्भेको आधारमा) | | | | >६० % | >७५ % |

# ६. खासस्व योजना (वास प्लान) को पूर्ण प्रतिवेदन

खासस्व योजनाको पूर्ण प्रतिवेदन सबै पालिका तहमा एकनासको होस् भन्ने उद्देश्यले तयार पारिएको विषय सूची समेतको स्पष्ट खासस्व योजना खाका (Outline of Wash Planning Report) अनुरुपको हुनुपर्नेछ ।

स्थानीय तहमा तयार पारिने खासस्व योजनालाई निम्नानुसार ८ वटा अध्यायहरुमा बाँडिएको छ । सो अन्तर्गतका बुँदाहरु सहित समग्र खाका अनुसूची - १ मा राखिएको छ ।

कार्यकारी सारांश

अध्याय १: खासस्व योजनाको परिचय

अध्याय २: गाउँ / नगर पालिकाको वस्तुगत विवरण

अध्याय ३: खानेपानी, सरसफाइ तथा स्वच्छता स्थिति

अध्याय ४: खानेपानी, सरसफाइ तथा स्वच्छता लक्ष्य, योजना तथा रणनीति

अध्याय ५: खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) कार्ययोजना

अध्याय ६: श्रोत विश्लेषण

अध्याय ७: संस्थागत संरचना र क्षमता अभिवृद्धि

अध्याय ८: खासस्व कार्यान्वयन र अनुगमन

## ७. तथ्याङ्क संकलनका निम्ति प्रयोग गरिने NWASH Mobile to Web App


यो mobile to web app को विकास खानेपानी मन्त्रालयले गरेको हो । यो सवै पालिकाहरुका लागि उपलव्ध छ । Android Based Smart Phone वा सो सरहको Mobile Phone मा यो App Download गर्न सकिन्छ। यसका लागि http://nwash.mowss.gov.np ठेगाना भएको URL (website/ web address) मा जानु पर्दछ जहाँ वाट सजिलै यो download हुन्छ । यो NWASH App (एन वाश एप) Google Play Store मा पनि उपलव्ध छ ।





स्थानीय स्तरको खासस्व योजना तर्जुमाको निम्ति प्रयोग गरिने MIS Mobile to web App खासगरी सो पालिका क्षेत्रको खासस्व अवस्थाको मौजुदा स्थितिको आधार रेखा (Baseline) तयार पार्नको लागि प्रयोग हुन्छ ।

विज्ञहरुको समूह वा सेवा प्रदायक संस्थाका विज्ञहरुले यसै Apps र MIS Software मा Inbuilt गरिएको सर्वेक्षण फारमको माध्यमद्वारानै सूचना र तथ्याङ्कहरु संकलन गर्नुपर्ने हुन्छ । तसर्थ सूचना संकलनको निम्ति कुनै नयाँ तालिका फरम्याट आदि बनाइराख्नु पर्ने जरुरत पर्दैन ।

यो App ले कसरी काम गर्दछ भनि वुझ्नका लागि तलको रेखाचित्रले मद्दत गर्दछ ।



मथि देखाइएजस्तो सर्भेक्षक वा गणकहरुको मोवाइल फोनमा Internet/WI-FI वाट प्राप्त Internet signal प्रयोग गरी NWASH मा log-in गरेर आफुलाइ आवश्यक App खोल्नु पर्दछ। सो App ले मागेको सूचना तथा तथ्याङ्कहरु App मा प्रविष्ट गर्दै जानु पर्दछ र ती सूचना तथा तथ्याङ्कहरु Server मा गई store हुन्छन् । Server वाट computer मा आफूले चाहेको सूचना तथा तथ्याङ्कहरु Tabulation या नक्शाको स्वरुपमा प्राप्त वा हेर्न सकिन्छ। स्मरण रहोस, एकपटक Internet/WI-FI प्रयोग गरी NWASH मा log-in गरी App हरु खोलीसकेपछि कार्यस्थलमा तथ्याङ्कहरु संकलन गर्दा Internet आवश्यक पर्दैन । सवै कामहरु Offline मै गर्न सकिन्छ। दिनभरिको सर्वेक्षण कार्य सकेर साँझमा तथ्याङ्कहरु Upload गर्न, Edit गर्न वा हेर्नको लागि मात्र Internet जरुरत पर्दछ र सो का लागि Internet/WI-FI भएकै ठाउँमा फर्किनु पर्दछ ।




Mobile मा उपलब्ध रहेका NWASH App हरु को नमूना

## ७.१ एन वाश एप (NWASH mobile to web App) को परिचय र जानकारी

विज्ञहरुको समूह वा सेवा प्रदायक संस्थाका विज्ञहरुले तथा सर्वेक्षक/गणकहरु सो Mobile Apps को माध्यमद्वारा के-के सूचना/तथ्याङ्कहरु कसरी संकलन गर्ने र मौजुदा प्रणालीको पूर्ण आधार रेखा (Baseline) अवस्थाको समग्र जानकारी कसरी तयार गर्ने भन्ने कुरा जान्नको लागि सो Mobile App प्रयोग गर्नको निम्ति निपुर्ण हुनु जरुरी छ। सो प्रयोजनका लागि NWASH mobile to web Apps को प्रयोग र कार्यस्थलमा

यसको व्यावहारिक अभ्यासका निम्ति एक NWASH तथ्याङ्क संकलन मार्गदर्शन (Guideline of Data Collection using NWASH MIS Apps) तयार गरिएको छ ।

हरेक पालिका स्तरमा खासस्व योजनाको निम्ति स्थानीय तहलाई प्राविधिक सहयोग पुऱ्याउने सेवा प्रदायक - विज्ञहरुको समूह, परामर्शदाता संस्था वा गैर सरकारी संस्थाहरुलाई तथ्याङ्क संकलन तथा खासस्व योजना निर्माण प्रयोजनका अन्य कार्यमा प्रयोग हुने यो MIS mobile to web app प्रयोग गर्न सक्षम वनाउन सो सम्वन्धी तालीम पनि प्रदान गरिनेछ ।

पालिका तहको खासस्व योजना तर्जुमा गर्न हाल निम्न एघार NWASH /MIS mobile to web apps विकास गरिएको छ । यस्ता एपहरू समयसापेक्ष तुल्याउन यसमा सुधार र विस्तार हुँदै जानेछन् ।

**१. पालिका क्षेत्रभित्र रहेका मौजुदा खानेपानी आयोजना/प्रणालीहरुको सम्पूर्ण सूचना संकलन गर्न विकास गरिएको App: NWASH Inventory**




यसबाट मौजुदा खानेपानी आयोजना प्रणालीहरुको सम्पूर्ण संरचनाहरु र पाइपलाइन समेतको Geo-referenced Data (भू-सान्दर्भिक सूचना तथा तथ्याङ्क) संकलन गरिन्छ । मौजुदा खानेपानी आयोजना प्रणालीको सुचारुपनाको अवस्था र त्यसको दीगोपन पहिचान गर्न यस App बाट संकलन गरिएका सूचना र तथ्याङ्कहरुको विश्लेषण गरिन्छ । सोही विश्लेषणको आधारबाट यस्ता मौजुदा प्रणालीहरु/आयोजनाहरुको लगत अभिलेख तयार गरिन्छ जुन पालीका स्तरको आधार रेखा (Baseline) सूचना पनि हो । यसैको आधारमा ती आयोजना प्रणालीहरुलाई पूर्ण संचालनमा ल्याउनको लागि र त्यसले समेट्न नसकेको समुदाय र क्षेत्रलाई समेट्ने गरी विस्तार गर्न के-कस्ता क्रियाकलामहरु आवश्यक छन् र सो को मोटामोटी लागत कति पर्छ भन्ने जानकारी पनि यस App बाट प्राप्त गर्न सकिन्छ ।


**२. मौजुदा खानेपानी प्रणाली/आयोजनाहरुको व्यवस्थापकीय पक्ष र दिगोपनको अवस्था बारेमा सूचना/जानकारीहरु संकलन गरिने App: NWASH Project Sustainability**




यो App बाट मौजुदा खानेपानी प्रणाली/आयोजनाहरुको व्यवस्थापकीय पक्ष र दिगोपनको अवस्था बारेमा सूचना/जानकारीहरु संकलन गरिन्छ । खानेपानी आयोजना प्रणालीहरुको दिगोपन त्यस प्रणालीको व्यवस्थापन संचालन तथा मर्मत संभारको अवस्थाबाट यकिन गर्न सकिन्छ । सम्बन्धित आयोजना/प्रणालीहरुको व्यवस्थापन र संचालन गर्ने जिम्मेवार खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु रहेको हुँदा त्यो समितिको समग्र पक्षहरुको लेखाजोखा यस App ले संकलन गरेका सूचना र जानकारीहरुका आधारबाट गरिन्छ । खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको संरचना,


त्यसमा रहेको समावेशीपन (Inclusivenes) को अवस्था, समितिको बैठक र निर्णयहरु, वार्षिक साधारण सभा, लेखा व्यवस्था र लेखा परीक्षण आदि व्यवस्थापनको पक्षलाई यो App ले समेटेको छ । त्यसवाहेक त्यसवाहेक आयोजना मर्मत सुधारको व्यवस्था, त्यसको लागि चाहिने मानव श्रोत, वित्तिय श्रोत र औजार औजार सामाग्रीहरुको उपलब्धता र प्रयोग आदि सूचनाहरु पनि यसै साथ संकलन गरिन्छ । यी सवै संकलित सूचना, जानकारी र तथ्याङ्कहरुको आधारमा मौजुदा प्रणालीहरुको दिगोपनको अवस्था विश्लेषण गरी खासस्व योजनामा समावेश गरिन्छ ।

३. **मौजुदा खानेपानी प्रणाली आयोजनाले समेट्न नसकेका समुदाय र क्षेत्रको तथ्याङ्क लगत संकलन गर्ने App:** **NWASH Unserved Population**




मौजुदा खानेपानी प्रणाली आयोजनाले समेट्न नसकेका समुदाय र क्षेत्रको तथ्याङ्क लगत संकलन गर्न यो App विकास गरिएको हो । स्वच्छ खानेपानी सेवा प्राप्त गर्न नसकेको (Unserved) जनसंख्या तथा समुदायमा गई त्यहाँ सेवा पुऱ्याउनको लागि हुन सक्ने संभावित खानेपानीको श्रोत पहिचान गरी त्यसलाई आवश्यक पर्ने अन्य सूचनाहरु यस App को माध्यमद्वारा संकलन गरिन्छ । सेवाबाट बञ्चित रहेको समुदाय, त्यहाँको जनसंख्या, संभावित श्रोत, दुरी, श्रोतमा पानीको परिमाण /बहावको मात्रा, स्थानीय सामग्री संकलन गर्न सकिने संभावित स्थलहरु सहित सवैको भू-सान्दर्भिक तथ्याङ्क (Geo-Referenced Data) यो App मा प्रविष्ट गराउनु पर्दछ । यसबाट प्राप्त तथ्याङ्क र सूचनाको आधारमा ती ठाउँ तथा समुदायमा सेवा पुऱ्याउनका लागि आवश्यक क्रियाकलापहरु तयार गर्न र आवश्यक योजनाहरु प्रस्ताव गर्न सकिन्छ ।

४. **स्थानीय तह क्षेत्रभित्रको समग्र घरधुरीहरुको खासस्व अवस्थाको पहिचान गर्न मद्दत गर्ने App:** **Household Questionnaire**




यो App मा रहेको प्रश्नावलीले पालिका क्षेत्रभित्रको समग्र घरधुरीहरुको खासस्व अवस्थाको पहिचान गर्न मद्दत गर्दछ। यो प्रश्नावली खासस्व योजना तयार गर्ने क्रममा कुन आधारमा घरधुरी तथ्याङ्क संकलन गर्ने हो सो तथ्याङ्क संकलन विधि (Data Collection Method) को निर्णय पछि सोही आधारमा भर्नु पर्दछ । तथ्याङ्क संकलन विधिले जनगणना विधि (Census) गर्ने निर्णय गरेमा पालिका भित्रका हरेक घरधुरीमा गणक (Enumerator) हरु गई प्रश्नावली भर्नु पर्दछ । Census विधिको ठाउँमा नमुना (Sample) पद्धति अपनाउने निर्णय भएमा पालिका भित्रका घरधुरीलाई एउटा Universe मानेर त्यसको ५% देखि २०% सम्म (निर्णय भए अनुसार) घरधुरीमा गणक (Enumerator) पुगेर प्रश्नावली भर्नुपर्दछ । यसवाट पालिका क्षेत्रको खासस्वको मौजुदा अवस्था पत्ता लाग्दछ, जुन आधाररेखा (Baseline) सूचनाको रुपमा खासस्व योजनामा प्रयोग गरिन्छ र विश्लेषण गरिन्छ । खानेपानीको श्रोत, अवस्था, गुणस्तर, सरसफाइ, चर्पिको प्रयोग, स्वच्छता सम्वन्धी आनीबानी, ढल प्रणाली, फोहोर व्यवस्थापन, जोखिम क्षेत्रको पहिचान आदि सबै सूचनाहरु यस प्रश्नावलीबाट संकलन गरी लेखाजोखा तथा विश्लेषण गरिन्छ ।

## ५. स्थानीय तह क्षेत्रभित्रका मौजुदा सार्वजनिक चर्पिको सूचना र तथ्याङ्क संकलन गर्नको लागि प्रयोग गरिने App: NWASH Public Toilet Survey

WASH PLAN
NWASH APP NAME: सार्वजनिक शौचालय
PUBLIC TOILET QUESTIONNAIRE

पालिका क्षेत्रभित्रका मौजुदा सार्वजनिक चर्पिको सूचना र तथ्याङ्क संकलन गर्नको लागि यो App विकास गरिएको हो । पालिका क्षेत्र भित्रका सबै मौजुदा सार्वजनिक चर्पिहरुको अवलोकन भ्रमण गरी भू-सान्दर्भिक तथ्याङ्क (Geo-refererced Data) प्रविष्ट गराई यो App मा संलग्न गरिएका प्रश्नावली भरी सूचना संकलन गरिन्छ । यसबाट सार्वजनिक चर्पिहरुमा पानीको व्यवस्था, हात धुने, पखाल्ने ठाउँ, सरसफाइको स्थिति, वालवालिका, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएकाहरुलाई प्रयोग गर्न सहज हुने सुविधा छ छैन सो को तथ्याङ्क अवलोकन, छलफल र सोधपुछबाट संकलन  गर्नुपर्दछ । विशेष गरी महिलाहरुका लागि महिनावारी स्वच्छता मैत्री सुविधा (स्यानेटरी प्याड फेर्ने, सुरक्षित विसर्जन गर्ने) छ  छैन सो विषय पनि यो प्रश्नावलीमा संलग्न गराइएको छ । दिसाजन्य लेदो व्यवस्थापन (Faecal Sludge Management) र सम्बन्धित तथ्याङ्क पनि यस App को माध्यामबाट संकलन गरिन्छ ।

## ६. पालिका क्षेत्रभित्रका सवै सार्वजनिक, संस्थागत वा अन्य विद्यालयहरुमा खासस्वको मौजुदा अवस्था अध्ययन गर्न प्रयोग गरिने App: NWASH School Questionaire

WASH PLAN
NWASH APP NAME: विद्यालय प्रश्नवाली
SCHOOL QUESTIONNAIRE


पालिका क्षेत्रभित्रका सवै सार्वजनिक, संस्थागत वा अन्य विद्यालयहरुमा खासस्वको मौजुदा अवस्था के छ त्यो पत्ता लगाई आधार रेखा तथ्याङ्क स्थापना गर्न यो App विकास गरिएको हो । सो  आधार रेखा तथ्याङ्क तीन तारा पद्धतिमा आधारित छ । विद्यालयहरुको मौजुदा अवस्था ज्ञात भइसकेपछि त्यसलाई सुधार गर्न र आवश्यकता भएमा नयाँ निर्माण, व्यवस्था र विस्तार गर्न के कस्ता क्रियाकलापहरु आवश्यक पर्छन् सो को योजना वनाई खासस्व योजनामा प्रविष्ट गराउन यसै प्रश्नावलीबाट प्राप्त  सूचना र जानकारीहरुको विश्लेषणले मद्दत गर्दछ । विद्यालय र विद्यालय क्षेत्रको समग्र खासस्व अवस्था अन्तर्गत विद्यालयमा खानेपानीको व्यवस्था, चर्पीको अवस्था, समूहगतरूपमा हात धुने स्थान, फोहोर मैला व्यवस्थापन स्थिति लगायत स्वच्छता अभिवृद्धि कृयाकलापहरु पर्दछन् । विद्यालय चर्पी सम्वन्धी सूचनाहरुमा पानीको आपूर्ति, हात धुने ठाउँ, पानीको गुणस्तर, चर्पीको व्यवस्था, महिनावारी स्वच्छता प्रवर्धनका लागि कृयाकलाप, फोहोर मैला विसर्जन अवस्था आदि सबै पर्दछन् । वाल मैत्री र लैङ्गिक मैत्री  तथा अपाङ्गता मैत्री खासस्व सुविधा र संरचनाको क्षेत्र पनि यो प्रश्नावलीले समेटेको छ ।

**७. सम्बन्धित पालिका क्षेत्र भित्र अवस्थित स्वास्थ्य संस्थाहरुको खासस्व अवस्थाको मौजुदा स्थिति आंकलन गर्न प्रयोग गरिने App: NWASN Health Care Facility Survey**





यो App मा रहेको प्रश्नावलीले सम्बन्धित पालिका क्षेत्र भित्र अवस्थित स्वास्थ्य संस्थाहरुको खासस्व अवस्थाको मौजुदा स्थिति आंकलन गर्दछ। सवै किसिमका स्वास्थ्य संस्थाहरु (अस्पताल, स्वास्थ्यकेन्द्र आदि) मा खानेपानी, सरसफाइ र स्वच्छता सुविधा र संरचनाहरु अन्तर्गत खानेपानी, चर्पी, हातधुने ठाउँ र फोहोर मैला विसर्जन गर्ने ठाउँ आदि पर्दछन् । यो प्रश्नावलीले पनि अन्यले जस्तै हरेक स्वास्थ्य संस्थाहरुको भौगोलिक अवस्थिति प्रणालीगत स्थान (GPS Location) लिई त्यसमा रहेको जानकारी सूचना संकलन गर्दछ । यसबाट तयार हुने पालिका क्षेत्रभित्रको स्वास्थ्य संस्थाहरुको मौजुदा खासस्व अवस्थाको आधार रेखा तथ्याङ्क (Baseline Data) को आधारमा आगामी दिनहरुमा के गर्ने भन्ने वारे योजना वनाई खासस्व योजनामा संलग्न गराउने सकिन्छ ।

**८. समुदाय भित्रको समग्र सरसफाइको स्थिति पत्ता लगाउन विकास गरिएको App: NWASH Community Sanitation**




समुदाय भित्रको समग्र सरसफाइको स्थिति पत्ता लगाउन यो App मा रहेको प्रश्नावली अनुसार सूचना संकलन गरिन्छ । यसले सो समुदायको सरसफाइको अवस्था जस्तै ढल प्रणाली विसर्जन, दिसा जन्य लेदोको विसर्जन अभ्यास, चर्पिहरुको व्यवस्थापन, ठोस, फोहोर व्यवस्थापन, महिनावारी स्वच्छता अभ्यास र वातावरणीय सरसफाइ सम्बन्धी सूचनाहरु संकलन गरी विश्लेषण गर्न मद्दत गर्दछ ।

**९. सम्बन्धित ठाउँको सतही ढल (Storm Drainage) को अवस्था सम्वन्धी सूचनाहरु संकलन गर्ने App: NWASH Drainage**




यो App मा रहेको प्रश्नावलीले सम्बन्धित ठाउँको Storm Drainage (सतही ढल) को अवस्था सम्वन्धी सूचनाहरु संकलन गर्दछ ।

**१०. पालिका क्षेत्रभित्र ठोस फोहोर मैला व्यवस्थापनको मौजुदा अवस्था वारे सूचना संकलन गर्न विकास गरिएको App: NWASH Solid Waste**




पालिका क्षेत्रभित्र ठोस फोहोर मैला व्यवस्थापनको मौजुदा अवस्था वारे सूचना संलन गर्न विकास गरिएको यो App ले समग्र पालिका स्तरको फोहोर मैला व्यवस्थापनको आधारमा आगामी वर्षहरुमा के

कस्ता कार्यक्रमहरु आवश्यक पर्दछन्, वडा तहबाटै समुदाय संग जनप्रतिनिसिंगको छलफल, परामर्श र प्राथमिकीकरणको आधारमा त्यस्ता कार्यक्रमहरुको पहिचान गरी खासस्व योजनामा संलग्न गराइन्छ ।

**११. NWASH Institution (offices)**

सम्बन्धित पालिका क्षेत्रभित्रका विद्यालय र स्वास्थ्य संस्था बाहेकका सार्वजनिक संघ, संस्था र कार्यालयहरुको खासस्व सूचना संकलन गर्न विकास गरिएको यो App मा सम्बन्धित संस्था/कार्यालयमा रहेको खानेपानीको सुविधा, शौचालयहरुको अवस्था र फोहोर मैला विसर्जनको अभ्यास आदि वारे मौजुदा स्थितिको विवरण तयार गर्दछ । यसैको आधारमा खासस्व योजना तयार पार्दा आगामी कार्यक्रम र क्रियाकलापहरु पहिचान र प्राथमिकीकरण गरी सो योजनामा प्रविष्ट गराइन्छ ।

## ७.२ एन वाश एप (NWASH mobile to web App) को सहि प्रयोग र संचालन

मथि उल्लेख गरिएका NWASH mobile to web tool मा संलग्न App हरुको प्रयोग गर्न आवश्यक तालीमहरुको व्यवस्था गरिनेछ । यी सवै Apps हरु प्रयोग गरी सूचना तथ्याङ्क संकलन गर्न सहज हुने गरी तयार गएिको Users Manual (प्रयोगकर्ता हातेपुस्तिका) पनि वितरण गरिनेछ ।

### ७.२.१ एन वाश एप (NWASH mobile to web App) को प्रयोग र संचालनमा स्थानीय तहको तयारी

NWASH MIS Software प्रयोग गर्न र व्यवस्थापन गर्नको निम्ति NWASH mobile to web App प्रयोग गर्दा आवश्यक पर्ने केही आधारभूत तयारी स्थानीय तहमै आवश्यक व्यवस्था गर्नुपर्ने हुन्छ । NWASH MIS प्रयोग गर्न, व्यवस्थापन गर्न, तथ्याङ्कहरु थप घट र संशोधन गर्न, Upload गर्न, अद्यावधिक गर्नका लागि स्थानीय तहमा दक्ष प्रविधिक जनशक्तिको व्यवस्था गरिनु पर्दछ । NWASH MIS को संघीय स्तरमा व्यवस्थापन गर्ने निकाय खानेपानी तथा ढल व्यवस्थापन विभाग/खानेपानी मन्तालयले सवै स्थानीय तहहरुलाई सो Software प्रयोग र व्यवस्थापन गर्न आवश्यक अख्तियारी (Authority) प्रदान गर्नेछ । सोका लागि भविष्यमा आवश्यक तालीम, क्षमता विकास कार्यक्रम, प्रविधि विकास आदिका लागि खासस्व योजनामै कार्यक्रमहरु समावेश गरिनु उपयुक्त हुन्छ ।

### ७.२.२ मौजुदा खानेपानी प्रणालीहरुको अभिलेखनमा एन वाश एपको प्रयोग

स्थानीय तह क्षेत्रभित्रका सम्पूर्ण मौजुदा खानेपानी आयोजना या खानेपानी प्रणालीहरुको पूर्ण विवरण आउने गरी NWASH Software को माध्यमद्वारा अभिलेखन गर्नुपर्नेछ । हरेक

आयोजना/प्रणालीहरुको संरचनाहरु र पाइपलाइन सबैको GPS Location सहित NWASH MIS द्वारा नक्साङ्कन अभिलेखीकरण गर्दा सो आयोजना प्रणालीका उपभोक्ता या लाभग्राहीहरुको पूर्ण तथ्याङ्क पनि पनि संकलन गर्नुपर्ने हुन्छ। यसबाट त्यस्ता आयोजना प्रणालीको मौजुदा अवस्था सुचारुपन र दिगोपनको दिगोपनको यथास्थिति, व्यवस्थापन र संचालन प्रणालीको लेखाजोखा आदि सबै तथ्याङ्क र जानकारीहरु संकलन हुनेछ। यी सबै तथ्याङ्कहरु GIS (भौगोलिक सूचना प्रणाली) को माध्यमद्वारा अभिलेखीकरण भई खासस्व योजना तर्जुमाको लागि मूलभूत तथ्याङ्क सामग्रीको रुपमा प्रयोग गरिनेछ।

खानेपानी प्रणाली / आयोजना भन्नाले कम्तिमा एउटा स्थायी संरचना र एउटा धारा भएको बुझ्नु पर्दछ। त्यस्ता प्रणालीहरु तथ्याङ्क संकलन गर्ने समयमा खानेपानी संचालन भई रहेको, विग्रेको, आंशिक संचालन भइरहेको वा अवरुद्ध भइरहेको जे पनि हुनसक्छ। पानीको मुहान संरक्षण संरचना पनि खानेपानी प्रणाली/आयोजनामा गणना गरिनु पर्छ र सूचनाहरु अभिलेखीकरण गरिनु पर्दछ। सबै संरचना र पाइप लाइनहरुको Goe-referenced Date (भू-सान्दर्भिक तथ्याङ्क) अनिवार्य संकलन गर्नु पर्दछ जसबाट त्यस्ता संरचना तथा पाइपलाइनहरुको सूचारुपन (Functionality) अवस्था, दिगोपना र मर्मत संभारका आवश्यकता वारे आंकलन गर्न आधारभूत तथ्याङ्क उपलब्ध हुन सक्दछ। खानेपानी धाराको हकमा सार्वजनिक, सामुदायिक र नीजि धाराहरुको छुट्टा छुट्टै अभिलेख संकलन गर्नुपर्दछ।

खानेपानी योजना/प्रणालीहरुको सर्वेक्षण (तथ्याङ्क संकलन) गर्दा पानीको मुहान - नाम, प्रकार न्यूनतम वहाव आदि, पाइप लाइन, प्रमुख संरचनाहरु, भल्भहरु, वितरण प्रणाली, जक्सन, धारा सहित समस्त प्रणालीको तथ्याङ्कहरु संकलन/समावेश गरिनु जरुरी छ।

यसरी मौजुदा प्रणालीको तथ्याङ्क संकलन गर्दा कार्यक्षेत्रमा गरिने सर्वेक्षण/गणक/प्राविधिकहरु सो आयोजना/प्रणालीको मुहान देखि चुहान सम्म (पानीको श्रोत देखि धारासम्म) भ्रमण गर्नुपर्ने छ। खानेपानीको विवरण र तथ्याङ्कहरु संकलनकै क्रममा त्यो क्षेत्रको सरसफाइको स्थिति, ढल र फोहोर विसर्जन अवस्था, जनसंख्या, सेवाबाट विहिन भएको क्षेत्र वा जनसंख्या, खुला दिसामुक्त वा पूर्ण सरसफाइको स्थिति साथसाथै खानेपानी तथा सरसफाइ उपभोक्ता समिति र सो संग सम्बन्धित व्यवस्थापन र संचालन अवस्थाको पनि सूचना र तथ्याङ्कहरु संकलन गर्नुपर्ने हुन्छ। उपभोक्ता समितिहरुको सूचनामा सो समितिहरुको संरचना, महिला कार्यकारी र सदस्यहरुको प्रतिनिधित्व/संख्या, वैधानिक स्थिति, वार्षिक साधारण सभा, आर्थिक अवस्था, दायित्व, लेखाप्रणाली, लेखा परीक्षण, ग्रामिण मर्मत कार्यकर्ता, मर्मत सम्भारको व्यवस्था आदि जस्ता तथ्याङ्क र जानकारीहरु अनिवार्य रुपमा संकलन गरिनु पर्दछ। प्रतिनिधित्व/संख्या, वैधानिक स्थिति, वार्षिक साधारण सभा, आर्थिक अवस्था, दायित्व, लेखा प्रणाली, लेखा परीक्षण, ग्रामीण मर्मत कार्यकर्ता, मर्मत सम्भारको व्यवस्था आदि जस्ता तथ्याङ्क र जानकारीहरु अनिवार्य रुपमा संकलन गरिनु पर्दछ।

उक्त विषयवस्तुहरु अन्तर्गत खासस्व योजना तर्जुमा गर्दा स्थानीय तहको आधारभूत वस्तुस्थितिको आंकलन र पहिचान गरी सो क्षेत्र भित्रको यथार्थ सामाजिक अर्थ व्यवस्था सहित भौगोलिक पहुँच, सहभागिता स्तर र समुदाय तथा पालिका क्षेत्रभित्रको समग्र आधार रेखा तथ्याङ्कहरु समावेश हुनुपर्नेछ।

तथ्याङ्क संकलन कर्ता/सर्भेक्षक/गणक/प्राविधिकहरुले सम्बन्धित संरचना र पाइप प्रणालीको सूचना संकलन गरिसके पछि अनिवार्य रुपमा ती संरचनाको अवस्था झल्कीने गरी फोटो लिनु पर्नेछ । फोटोको
लागि सोही App मा Inbuit गरिएको क्यामरा प्रयोग गर्नुपर्नेछ र NWASH MIS मा Upload गर्नुपर्नेछ । त्यसैगरी खानेपानी तथा सरसफाइ उपभोक्ता समिति (WSUC) को व्यवस्थापन पक्ष बारे तथ्याङ्क संकलन गर्दा सवै उपभोक्ता समितिको कार्यालय भ्रमण गर्नु पर्दछ । NWASH MIS मा Inbuilt Inventory App र Sustainability App ले मागेको सूचनाहरु सम्बन्धित उपभोक्ता समितिका पदाधिकारीसंग छलफल गरेर संकलन गर्नुपर्दछ । उपभोक्ता समितिहरु सम्बन्धित निकायमा दर्ता भएका, नभएका वा हुने क्रममा रहेका सवै औपचारिक/अनौपचारिक समितिहरु हुन सक्नेछन् ।

### ७.२.३ सेवावाट बञ्चित समुदाय सम्वन्धी सूचना र तथ्याङ्क संकलनमा एन वाश एपको प्रयोग

सेवा नपुगेको वा आंशिक पुगेको समुदाय (Unserved or Under-served) को सूचना संकलन गर्दा सो स्थलको/समुदायको पृष्ठभूमि जानकारी (Background Information) मा सो समुदायको जनसंख्याको वनोट, खानेपानीको अपर्याप्तता/अभावको स्थिति, संभाव्य श्रोतहरुको नक्शांकन, श्रोत मा पानीको मात्रा, वहाव, सरसफाइ र स्वच्छताको स्थिति लगायत सेवा प्रवाहको लागि मोटामोटी लागत आदि संलग्न गर्नुपर्दछ । खासस्व योजना तर्जुमामा नियुक्त विज्ञ वा सेवा प्रदायकहरु पालिका भित्रका त्यस्ता क्षेत्र र समुदायहरुको पहिचान गरि अनिवार्य रुपमा भ्रमण गरि छलफल र परामर्श सहित यी सूचनाहरु संकलन गरिनुपर्दछ । हरेक भ्रमण, छलफल, परामर्श र श्रोतको अवस्था सहितको फोटो पनि संलग्न गर्नुपर्दछ ।

## ८. खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको परिभाषा तथा सूचकहरु

समग्र खासस्व क्षेत्रमा खानेपानी सेवाको हकमा मौजुदा खानेपानीको अवस्था पहिचान गर्न र आगामी कार्यक्रमहरुको तर्जुमा **(Design)** गर्न निम्न परिभाषा र सूचकहरुलाई आधार मान्नु पर्दछ ।

**१. सुरक्षित तरिकाले व्यवस्थापन गरिएको खानेपानी (Safely Managed):** घरआँगनमै भएको सुधारिएको श्रोतबाट जतिवेला पनि उपलव्ध हुने, प्रदूषण रहित(विशेष गरी सूक्ष्मजैविक ( इ-कोली ) र रासायनिक प्रदूषणवाट (जस्तै Arsenic/fluoride) पारामितिहरू नेपाल सरकारले लागू गरेको खानेपानीको गुणस्तर मापदण्ड मुताविक भएका) सुरक्षित खानेपानी ।

**२. आधारभूत खानेपानी सेवा (Basic Service):** पानी भरेर ल्याउँदा ३० मिनेट भन्दा बढि समय नलाग्ने स्थानमा रहेका सुधारिएको खानेपानीको श्रोतबाट ल्याइएको खानेपानी ।

**३. सीमित खानेपानी सेवा (Limited Service):** सुधारिएको खानेपानीका श्रोतबाट प्राप्त खानेपानी तर पानी भरेर ल्याउँदा समय ३० मिनेट भन्दा वढि लाग्ने ।

**४. असुरक्षित खानेपानी सेवा (Unsafe Service/ No Service):** असंरक्षित श्रोत जस्तै खुला इनार, कुवा तथा सतही पानी ( खोदानाला, दह, सिंचाइ कुलो ) बाट सिधै संकलन गरी प्रयाग हुने खानेपानी ।

सामान्यतया सर्वेक्षणको क्रममा निम्न भनाइहरु सवैमा हो भन्ने जवाफ आएमा खानेपानी सेवा **सुरक्षित तरिकाले व्यवस्थापन गरिएको (Safely Managed)** छ भन्न सकिन्छ ।

- घर परिसर भित्र धारा जडान भएको ।
- ५ मिनेट भित्र पानीको उपलव्धता ।
- १२ महिनानै पानीको उपलव्धता ।
- प्रयोग भइरहेका प्रणालीहरूका पानी परीक्षण सूचीमा इ-कोली , आर्सेनिक र फ्लोराइड नेपाल सरकारको खानेपानी गुणस्तर मापदण्ड बमोजिम भएको भन्ने उल्लेख भएमा ।

त्यसै गरी **आधारभूत खानेपानी सेवा (Basic Service)** निर्धारण गर्न तलको भनाइहरु सवैमा हो भन्ने जवाफ आउनु पर्दछ ।

- व्यक्तिगत धारा, जडान सामुदायिक धारा, मूल, खोला, कुवा, वर्षातको पानी संकलन ।
- पानी संकलन समय ३० मिनेट भन्दा कम लाग्ने ।
- पानीको उपलव्धता १२ महिना भन्दा कम ।
- प्रयोग भइरहेका प्रणालीहरूका पानी परीक्षण सूचीमा जीवाणुरहित भन्ने उल्लेख भएमा ।

**सीमित खानेपानी सेवा (Limited Service)** को हकमा सुधारिएको पानीको श्रोतबाट उपलब्ध भएको खानेपानी तर पानी संकलन गर्न लाग्ने समय ३० मिनेट भन्दा वढि भएको ।

**असुरक्षित खानेपानी सेवा (Unsafe Service/ No Service):**सतही पानीको श्रोत जस्तै खोला, नदी, पोखरी, सिंचाइ कुलो आदि तथा संरक्षण नगरिएका इनार, कुवा जस्ता सबै असुरक्षित खानेपानी स्रोतहरु हुन् । यस्ता श्रोतबाट उपभोग गरिएको अवस्थालाई असुरक्षित खानेपानी सेवा भनिन्छ ।

खानेपानी सेवा जस्तै सरसफाइ तथा स्वच्छता सेवाको हकमा मौजुदा अवस्था पहिचान गर्न र आगामी कार्यक्रमहरुको तर्जुमा **(Design)** गर्न निम्न परिभाषा र सूचकहरुलाई आधार मान्नु पर्दछ ।

**१. सुरक्षित रुपले व्यवस्थित सरसफाइ (Safely Managed Sanitation) सेवा :** दिगो विकास लक्ष्यको परिभाषा अनुसार सुरक्षित रुपले व्यवस्थित सरसफाइ सेवा/सुविधा भन्नाले सुधारिएको सुविधाहरुको प्रयोग एकै परिवारद्वारा मात्र प्रयोग भएको, मलमूत्र उत्सर्जित स्थानमै सुरक्षित विसर्जन गरिएको वा अन्यत्र लगेर प्रशोधन गरी विसर्जन गरिएको अवस्थामा प्राप्त सुविधालाई बुझ्नुपर्छ । नेपालको सन्दर्भमा यो सामान्यतया डवल पिट (Double-pit) शौचालयहरुमा मात्र सम्भव हुन्छ जहाँ एउटा पिट भरिएको खण्डमा अर्को प्रयोग गरिन्छ र पिटमा कम्पोष्ट हुँदै गर्छ जसले गर्दा भरिएको पिट कच्चा रुपमा नै फोहोर निकालेर खाली गर्नु पर्दैन ।

**२. आधारभूत सरसफाइ सेवा (Basic Service):** सुधारिएको ( जस्तै पक्की शौचालय, सेप्टिक टैंक भएका शौचालयहरु ) चर्पी भएको तर अरु घरहरुसंग साझेदारी नगरिकन र एकल परिवारले मात्र प्रयोग गर्ने गरेको अवस्था ।

**३. सीमित सरसफाइ सेवा (Limited Service):** सुधारिएको चर्पीको प्रयोग दुई या दुई भन्दा बढि परिवारले साझेदारी गरी संयुक्त रूपमा प्रयोग गर्ने गरेको अवस्था ।

**४. नसुधारिएको सरसफाइ सेवा (Unimproved Service):**कच्ची शौचालयहरु ( जस्तै स्ल्याब नभएका वा प्लेटफार्म नभएका खाल्टे चर्पी,) प्रयोग भएको अवस्था । ।

**५. खुल्ला दिसा (Open Defecation):** शौचालय नभएको, खेतबारी, झाडी खोला तथा दहका किनार, फोहरमैला फ्याँकिने ठाउँ जस्ता खुला ठाउँमा मलमूत्र त्याग्ने चलन भएको अवस्था ।

सामान्यतया सर्वेक्षणको क्रममा निम्न भनाइहरु सबैमा हो भन्ने जवाफ आएमा **सुरक्षित रुपले व्यवस्थित सरसफाइ (Safely Managed)** प्राप्त भएको छ भन्न सकिन्छ ।

- घर परिसर भित्र पानी सहितको पक्कि शौचालय भएको ।
- सो शौचालय सोही घरका घर परिवारले मात्र प्रयोग गर्ने गरिएको, कसैसंग साझेदारी नगरिएको ।
- शौचालयको निकास सिधै ढल प्रणालीमा जोडिएको वा डवल पिट युक्त शौचालय भएको अथवा दिसाजन्य लेदो व्यवस्थापन (Feacal Sludge Management) को उचित प्रवन्ध भएको ।

त्यसै गरी **आधारभूत सरसफाइ सेवा (Basic Service)** निर्धारण गर्न तलको भनाइहरु सबैमा हो भन्ने जवाफ आउनु पर्दछ ।

- घर परिसर भित्र पानी सहितको पक्कि शौचालय भएको ।
- सो शौचालय सोही घरका घर परिवारले मात्र प्रयोग गर्ने गरिएको, कसैसंग साझेदारी नगरिएको ।
- शौचालयको निकास सिधै ढल प्रणालीमा नजोडिएको वा एकल सेप्टिक टैंक युक्त शौचालय भएको अथवा दिसाजन्य लेदो व्यवस्थापन (Feacal Sludge Management) को उचित प्रवन्ध नभएको ।

**सीमित सरसफाइ सेवा (Limited Service)** को हकमा सुधारिएको शौचालय भई अरु घर/परिवारहरुसंग साझेदारी गरिएको ।

**नसुधारिएको सरसफाइ सेवा (Unimproved Service):**कच्ची शौचालयहरु भएको ।

स्वच्छता सम्बन्धी सुविधा अर्थात् हातधुने सुविधालाई पनि यसरी ३ स्तरमा वर्गिकरण गरिएकोछ :

१. आधारभूत सुविधा - घर आँगनमै पानी र साबुन सहित हात धुने निर्दिष्ट स्थान/संरचना उपलब्ध भएको अवस्था ।

२. सीमित सुविधा - घर आँगनमै हात धुने निर्दिष्ट स्थान/संरचना भएको तर साबुन र पानी नभएको अवस्था ।

३. कुनै सुविधा नभएको - घर आँगनमै हात धुने निर्दिष्ट स्थान/संरचना केही पनि नभएको अवस्था ।

सरसफाइ तथा स्वच्छता सेवाकै सन्दर्भमा शिक्षण संस्था, स्वास्थ्य संस्था लगायत समग्र सार्वजनिक सेवाहरुको विध्यमान अवस्था तथा आगामी कार्यक्रमका लागि निम्न परिभाषा र सूचकहरुलाई अवलम्वन गर्नु पर्दछ ।

शिक्षण संस्था (विद्यालय) हरुको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी व्यवस्था गर्न नेपाल सरकारद्वारा तयार गरिएको **विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छतासम्वन्धी कार्यविधि, २०७४( दोस्रो संशोधन, २०७६)** अनुरुपकै सर्वेक्षण प्रश्नावलीहरु खासस्व योजना तयार गर्ने सन्दर्भमा प्रयोग गरिएको छ ।

सो कार्यविधिले व्यवस्था गरे अनुसार **तारा पद्धति** अनुरुपका सूचकहरु मिलान गरी सामान्यतया सर्वेक्षणको क्रममा निम्न भनाइहरु सवैमा हो भन्ने जवाफ आएमा शिक्षण संस्था (विद्यालय) हरुमा **सुरक्षित रुपले व्यवस्थित सरसफाइ तथा स्यच्छता सुविधा (Safely Managed)** प्राप्त भएको छ भन्न सकिन्छ ।

- विद्यार्थीहरूलाई १२ लिटर प्रति विद्यार्थी का दरले शुद्धीकरण गरिएको खानेपानी सहजरूपमा उपलब्ध भएको ।
- विद्यालय परिसर भित्र सुरक्षित स्थानमा पर्याप्त पानी सहितको पक्कि शौचालय भएको ।
- सो शौचालय बाल, लैङ्गिक, अपाङ्गता र वातावरण मैत्री रहेको ।
- शौचालयको निकास सिधै ढल प्रणालीमा जोडिएको वा डवल पिट युक्त शौचालय भएको अथवा दिसाजन्य लेदो व्यवस्थापन (Feacal Sludge Management) को उचित प्रवन्ध भएको ।

- समूहमा साबुन पानीले हात धुने स्थायी सुविधा भएको र प्रयोग भएको पानी नाली वा सोकपिट वा बगैचा वा करेसाबारीमा निकासको व्यवस्था गरिएको ।
- छात्राहरूका लागि महिनावारी स्वच्छता शिक्षा दिने र सुविधाहरू उपलव्ध भै प्रयोगमा रहेको ।

त्यसै गरी शिक्षण संस्था (विद्यालय) हरुमा **आधारभूत सरसफाइ सेवा (Basic Service)** निर्धारण गर्न तलको भनाइहरु सबैमा हो भन्ने जवाफ आउनु पर्दछ ।

- विद्यालय परिसर भित्र पानी सहितको सुधारिएको शौचालय भएको
- सो शौचालय बाल, लैङ्गिक, अपाङ्गता र वातावरण मैत्री रहेको ।
- समूहमा साबुन पानीले हात धुने स्थायी सुविधासहित साबुन र पानीको नियमित व्यवस्था भएको ।
- छात्राहरूका लागि महिनावारी स्वच्छता सुविधाहरू उपलव्ध रहेको ।

**सीमित सरसफाइ सेवा (Limited Service)** को हकमा माथिका मध्ये कुनै पनि हुन सक्ने तर शौचालय हरुमा पानीको सुविधा तथा महिनावारी स्वच्छता सुविधा पर्याप्त नहुनु वा सीमित हुनु ।

**नसुधारिएका सरसफाइ सेवा (Unimproved Service):** अस्वस्थकर कच्ची शौचालयहरु भएको ।

स्वास्थ्य संस्थाहरुको हकमा Joint Monitoring Program (JMP) ले परिभाषित गरे अनुरुपकै सर्वेक्षण प्रश्नावलीहरु खासस्व योजना तयार गर्ने सन्दर्भमा प्रयोग गरिएको छ । जस अनुसार सर्वेक्षणको क्रममा निम्नानुरुपका भनाइहरु सबैमा हो भन्ने जवाफ आएमा ती स्वास्थ्य संस्थाहरुमा सुरक्षित रुपले **व्यवस्थित सरसफाइ तथा स्वच्छता सुविधा (Safely Managed)** प्राप्त भएको छ भन्न सकिन्छ ।

- स्वास्थ्य संस्थाहरुमा पर्याप्त पानी सहितको सुरक्षित शौचालय भएको ।
- शौचालयहरु लैङ्गिक र अपाङ्गता मैत्री रहेको ।
- शौचालयको निकास सिधै ढल प्रणालीमा जोडिएको वा डवल पिट युक्त शौचालय भएको अथवा दिसाजन्य लेदो व्यवस्थापन (Feacal Sludge Management) को उचित प्रवन्ध भएको ।
- सालनाल (Placenta) को सुरक्षित व्यवस्थापनको सुविधा उपलव्ध रहेको ।
- फोहोर निर्मलिकरण र विसर्जनको सुरक्षित व्यवस्था भएको ।

त्यसै गरी स्वास्थ्य संस्थाहरुमा **आधारभूत सरसफाइ सेवा (Basic Service)** निर्धारण गर्न तलको भनाइहरु सबैमा हो भन्ने जवाफ आउनु पर्दछ ।

- स्वास्थ्य संस्था परिसरमा सुधारिएको स्रोतबाट पानीको उपलब्धता भएको ।
- स्वास्थ्य संस्थाहरुमा पानी सहितको सुधारिएको शौचालय भएको ।
- शौचालयहरु लैङ्गिक र अपाङ्गता मैत्री रहेको ।
- कर्मचारीको लागि छुट्टै सुधारिएको शौचालय भएको ।
- शौचालयको निकास सिधै ढल प्रणालीमा नजोडिएको वा डवल पिट युक्त शौचालय नभएको अथवा दिसाजन्य लेदो व्यवस्थापन (Feacal Sludge Management) को उचित प्रवन्ध नभएको ।
- हात धुने सामग्रीहरु (पानी र साबुनको) व्यवस्था भएको, बेसिन वा अल्कोहलबाट बनेको हातमा लगाउने जेल (*alcohol hand rub*) सेवा दिने स्थानमा र शौचालयमा उपलब्ध भएको ।


- कम्तिमा चारवटा भाँडो (बीन) मा सुरक्षित तवरले फोहरलाई छुट्टाछुट्टै संकलन गरि राखिएको र छाला छेड्ने र संक्रमण सार्न सक्ने  फोहरहरुलाई सुरक्षित तवरले व्यवस्थापन गरिएको ।

**सीमित सरसफाइ सेवा (Limited Service)** को हकमा माथिका मध्ये कुनै पनि हुन सक्ने तर शौचालय हरुमा पानीको सुविधा, महिनावारी स्वच्छता सुविधा तथा  र फोहोर निर्मलिकरण र विसर्जनको सुरक्षित व्यवस्था पर्याप्त नभएको वा सीमित भएको ।

**नसुधारिएको सरसफाइ सेवा (Unimproved Service):** अस्वस्थ कच्ची शौचालयहरु भएको र फोहोर निर्मलिकरण र विसर्जनको सुरक्षित व्यवस्था नभएको ।

# ९. खासस्व योजना तर्जुमा प्रक्रिया

खासस्व योजनाका चरण एवम् खासस्व योजना तर्जुमा प्रक्रिया एक श्रृंखलावद्ध क्रियाकलापहरुमा आधारित पद्धति हो, जुन तल दिएको चित्रले (Figure) प्रतिविम्वित गरेको छ ।




चित्र (Figure) २ : खासस्व योजना तर्जुमा प्रक्रिया

यो प्रक्रियाको सुरुवात सम्बन्धित स्थानीय तहले आफ्नो पालिका क्षेत्रको खासस्व योजना तर्जुमा गर्ने सोच र निर्णय संगसंगै हुन्छ । स्थानीय तह तथा समुदायहरुलाई सहभागितामूलक तवरले साधन श्रोतहरुको लेखाजोखा तथा योजना प्रक्रियामा सहजीकरण तथा टेवा पुऱ्याउनको लागि वाह्य सहयोग र संसाधनको आवश्यक पर्न सक्छ । खासस्व योजना तर्जुमाको निर्णय पछि त्यस कार्यमा कस्को संलन्नता हुने र संघीय वा प्रान्तीय सरकारी निकायहरु, विकास साझेदार संघसंस्थाहरु वा अन्य निकायहरु संगको समन्वय र सहकार्यको संभावना, अवस्था संगसंगै प्राविधिक या आर्थिक सहयोग आदिवारे छलफल र परामर्श भई सो वारे यकिन निर्णय गर्नुपर्दछ ।

सम्बन्धित स्थानीय तहबाट प्रतिवद्धता तथा स्वामित्व अनि सुनिश्चितताका लागि खासस्व योजना तर्जुमा प्रक्रिया सोही स्थानीय तहबाट समन्वयन र निर्देशन गरिएको हुनु जरुरी हुन्छ । स्थानीय तहमा खासस्व योजना तर्जुमा प्रक्रियाका लागि आवश्यक भौतिक, वित्तीय र मानवीय श्रोत साधन पर्याप्त नहुन पनि सक्दछ । त्यस्तो अवस्थामा आवश्यक परे सोका लागि दुई पक्षीय वा वहुपक्षीय रुपमा सहमतिपत्र तयार गरी समझदारी गर्नुपर्दछ ।

यसपछिको अर्को महत्वपूर्ण चरण लक्ष्य निर्धारण कार्यशाला गोष्ठी (Visioning Workshop) हो । सम्बन्धित स्थानीय तहले आगामी २०२२, २०२६ र २०३० सम्म आफ्नो पालिका क्षेत्र भित्र खासस्व क्षेत्रगत परिदृश्यको सोच सहितको योजनाहरुको खाका तयार गर्नु यो कार्यशालाको प्रमुख उद्देश्य हो । यस कार्यशाला गोष्ठीमा खानेपानी, सरसफाइ र स्वच्छताको क्षेत्रमा के-कस्ता सोच सहित कसरी योजना निर्माण गर्ने भन्नेवारे क्षेत्रगत विकास योजना (SDP) र दिगो विकास लक्ष्यले मार्गदर्शन गरेअनुसार व्यापक अर्न्तकृया, संवाद र छलफल गरी निष्कर्ष निकाल्नु पर्दछ ।

स्थानीय आवश्यकतालाई ध्यानमा राखी कसरी आदर्श चरणको लक्ष पूरा गर्न सकिन्छ सो वारे छलफल र परामर्श पछि एउटा समग्र योजनाको सोच तयार गर्नुपर्दछ । यही Visioning Workshop बाट प्राप्त भएको सोच र अवधारणाको आधारमा सो पालिकाको खासस्व योजना अवधारण पत्र तयार गर्नुपर्दछ । सो अवधारणा पत्र तयार गर्दा प्रस्तावित खासस्व योजना प्रति सम्वन्धित स्थानीय तहले आफ्नो प्रतिवद्धता र स्वामित्व ग्रहणको निर्णय पनि संगसंगै गर्नुपर्दछ ।

यही आधारणापत्र नै सम्बन्धित स्थानीय तहमा पेश गरिने अवधारणा प्रस्ताव हुनेछ । सो अवधारणा प्रस्तावमा स्थानीय तहको लागि तर्जुमा गरिने खासस्व योजनाको खाका समुदाय स्तरमा वडा स्तरमा र पालिका स्तरमा गरिने छलफल, परामर्शको विषयवस्तु अनि परामर्श कार्यशाला गोष्ठीमा प्रस्तुत गरिने विषयवस्तुहरु समेटीएका हुनुपर्दछ । साथसाथै स्थानीय स्तरको खासस्व योजना तर्जुमा प्रक्रिया, पद्धति र औजारहरु, समय अवधि र मोटामोटी लागत पनि यस अवधारण पत्रमा उल्लेख गरिएको हुनुपर्दछ । यसैको आधारमा यसभन्दा पछिका सवै प्रक्रिया र कार्यक्रमहरु तय गर्नुपर्दछ ।

सो अवधारणा पत्र र खासस्व योजनाको खाका स्थानीय तहमा पेश गरिनेछ । यसमा स्थानीय तहका जिम्मेवार जनप्रतिनिधि, कार्यकारी निकाय, वडा प्रतिनिधिहरु र खासस्व क्षेत्रमा कार्यरत साझेदार संस्थाहरुबाट आवश्यक राय सुझावहरु सहितको पृष्ठपोषणको अपेक्षा गरिनेछ । यो अवधारणा पत्रले

सम्बन्धित जनप्रतिनिधि र कार्यकारी तथा साझेदार निकायहरुलाई खासस्व योजनाको आवश्यकता बोध गराउन पनि सहयोग पुऱ्याउनेछ ।

Visioning Workshop को व्यवस्थापन, संचालन र सहजीकरणको लागि सो सम्वन्धी ज्ञान र सीपमा दख्खल भएका श्रोत व्यक्तिहरु आवश्यक पर्नेछन् । त्यस्ता श्रोत व्यक्तिको जिम्मेवारीमा कार्यशाला संचालन र सहजीकरण गरिसकेपछि कार्यशालाबाट प्राप्त सोच र योजनालाई समेटी प्रतिवेदन सहित खासस्व योजनाको अवधारणा पत्र तयार पार्नु पर्ने हुन्छ ।

अवधारणा पत्र माथि छलफल, परामर्श र सुझाव तथा पृष्ठपोषण प्राप्तिको निम्ति पुनः एक पटक पालिका स्तरको परामर्श आवश्यक पर्दछ । पालिका स्तरको परामर्शमा खासस्व योजनाको नेतृत्व र स्वामित्व सम्वन्धित पालिकाले नै लिनुपर्ने कुरामा निर्णय गर्नु पर्दछ । त्यसपछि खासस्व योजना तर्जुमाको लागि विज्ञहरु वा सेवा प्रदायकहरुको नियुक्ती र छनौट लागि प्रक्रिया सुरु हुन्छ ।

संगसंगै योजना तर्जुमाका लागि नियुक्त हुने विज्ञहरु वा सेवा प्रदायक संगको समन्वय र निर्देशनको निम्ति पालिका अन्तर्गत एक Task Force (कार्यदल) गठन गर्नु पर्दछ जसमा एक Focal Person (मुख्य सम्पर्क व्यक्ति) पनि मनोनयन गर्नु पर्दछ । सो Task Force र Focal Person ले स्थानीय तहको तर्फबाट आधिकारिक रुपमा खासस्व योजना तर्जुमा गर्न नियुक्त वा परिचालन भएका विज्ञहरु वा सेवा प्रदायकहरुसंग समन्वयमा रही खासस्व योजनाको दैनिक र नियमित कार्य गर्नेछ ।

अपेक्षा गरे अनुसार Visioning Workshop बाट प्राप्त भएको सोच र अवधारणा माथि सबै क्षेत्रबाट सुझाव र पृष्ठपोषण प्राप्त भइसके पछि र स्थानीय तहको नेतृत्व र स्वामित्व को निर्णय भइसके पछि अर्को चरणमा पालिका स्तरको आरम्भ कार्यशाला (Inception Workshop) को आयोजना गर्नुपर्दछ । यस कार्यशाला गोष्ठीमा समुदाय र वडा स्तरको प्रतिनिधित्वलाई सुनिश्चित गर्नुपर्दछ । सो कार्यशालामा खासस्व योजनाको आवश्यकता, महत्व र यसको दुरगामी प्रभावलाई प्रभावकारी रुपमा प्रस्तुत गर्नु पर्दछ । सवै प्रतिनिधि तथा सहभागीहरुबाट यस प्रक्रियामा सहयोग, समन्वय र स्वामित्वको लागि आग्रह पनि यसै कार्यशालामा गर्नु पर्दछ ।

विज्ञहरु वा सेवा प्रदायकहरुको नियुक्त र छनौट भइ संझौता सम्पन्न भइसकेपछि सो विज्ञहरु वा सेवा प्रदायक संस्था खासस्व योजनाका लागि परिचालन हुनेछन् । विज्ञहरु परिचालनका लागि अनिवार्य रुपमा सर्वप्रथम अभिमुखीकरण र तालीम प्रदान गरिनेछ । विज्ञहरु वा सेवा प्रदायक संस्थालाई खासस्व योजना तर्जुमा प्रक्रिया, विधि र पद्धतिवारे विस्तृत अभिमुखीकरण गरिनु पर्दछ । खासस्व योजना तर्जुमामा प्रयोग गरिने NWASH MIS को तालीम पनि यसै क्रममा गरिनेछ ।

तालीम पश्चात विज्ञहरु वा सेवा प्रदायक संस्था /सर्वेक्षक/गणकहरु कार्यस्थलमा खटिनेछन् । सर्वप्रथम उनीहरुले वडास्तरमा छलफल र परामर्शको लागि वडा स्तरीय छलफल गोष्ठीको आयोजना गर्नेछन् । सो छलफल गोष्ठीमा सो वडा भरीको खासस्व क्षेत्रगत जानकारी संकलन गरिनेछ । सो वडा स्तरीय छलफल गोष्ठीमा वडा स्तरका जनप्रतिनिधि उपभोक्ता संस्थाका पदाधिकारी तथा

सदस्यहरु, वो वडामा कार्यरत खासस्व क्षेत्रका साझेदार संघ संस्था आदिको सहभागिता सुनिश्चित गराइनुपर्दछ ।

वडा स्तरीय छलफल गोष्ठीमा विज्ञहरु वा सेवा प्रदायक संस्थाका प्रतिनिधि/विज्ञहरुले त्यहाँ रहेका खासस्व मौजुदा आयोजनाको वारेमा पनि प्रारम्भिक सूचना सोही वडा स्तरीय गोष्ठीबाट संकलन गर्नु पर्दछ, सो वाहेक सो गोष्ठीमा खासस्व क्षेत्रमा आदर्श अवस्था प्राप्त गर्न के कस्ता आयोजनाहरु आवश्यक छन् सोको छलफल पनि गरिनु पर्दछ । छलफल बाट आएका सुझावहरुको अभिलेखीकरण गर्नु पर्दछ । खासस्व योजना तर्जुमा गर्दा यी सुझावहरुलाई ध्यानमा राखी कार्यक्रमहरु निर्माण गर्नु पर्दछ ।

वडा स्तरीय छलफल र परामर्श गोष्ठीपछि विज्ञहरु, परामर्श दाता वा सेवा प्रदायकहरु तथ्याङ्क संकलन कार्यमा संलग्न हुनु पर्दछ ।

NWASH mobile to web App मा Inbuilt Apps को माध्यम द्वारा खासस्व क्षेत्रलाई समेट्ने हरेक सूचनाहरु संकलन गरिसकेपछि ती सूचना र तथ्याङ्कहरुलाई NWASH MIS को केन्द्रीय सर्भरमा Upload गरिन्छ । Upload गरिएका तथ्याङ्कहरु प्रशोधन गर्ने, मिलान गर्ने र प्रमाणित गर्ने कार्य सकिएपछि NWASH MIS ले तयार पर्ने तालिका, नक्सा र प्रतिवेदनहरुको आधारमा पालिका स्तरको मौजुदा खासस्व अवस्थाको विश्लेषण गर्ने कार्य आरम्भ हुन्छ । सवै तथ्यांक र सूचनाहरुको विश्लेषणको आधारमा कार्य क्षेत्र (Field Report) प्रतिवेदन तयार पारिन्छ र वडा स्तरीय गोष्ठीको आयोजना गरी त्यो प्रतिवेदन प्रस्तुत गर्नु पर्दछ ।

## १०. खासस्व योजना ( वास प्लान) तर्जुमा प्रक्रियाका चरणहरु

माथि उल्लेख गरिएका खासस्व योजना तर्जुमा प्रक्रियालाई मुख्यत तीन चरणमा विभाजन गरिएको छ ।

**क) प्रारम्भिक चरण**

**ख) स्थलगत कार्य, सर्वेक्षण र तथ्याङ्क तथा सूचना संकलन चरण**

**ग) तथ्याङ्क लेखाजोखा, रुजु, विश्लेषण र योजना तर्जुमा चरण**

हरेक चरण र त्यस अन्तर्गत गरिने क्रियाकलापहरुको श्रृंखलाबद्ध व्याख्या तथा प्रस्तुति तल गरिन्छ ।

### (क) प्रारम्भिक चरण ( तयारी चरण )

योजना तर्जुमा सम्बन्धी नीति मार्गदर्शन र कार्य पद्धतिबारे स्थानीय तह र सम्बन्धित सरोकारवालाहरु बिच आपसी सझेदारी (Mutual Understanding) कायम गरी स्थानीय तहको अपनत्व (स्वामित्व - Ownership) रहने गरी खासस्व योजना तर्जुमाको आधार तयार पार्नु यो चरणको प्रमुख उद्देश्य हुनेछ ।

यो चरणको अन्तमा निम्नानुसार उपब्धिहरु हासील हुने अपेक्षा गरिन्छ ।

क. योजनाले समेट्ने क्षेत्र (Scope) को पहिचान हुनेछ ।
ख. स्थानीय खासस्व तहबाटै व्यापक परामर्श पछि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजनाको खाका (Framework ) तयार हुनेछ ।
ग. प्राविधिक सहयोग र अन्य सहयोग सहित सरोकारवाला, विकास, साझेदारी वा संघीय वा प्रादेशीक सरकारी निकाय बीच समझदारी भएको हुनेछ ।
घ. स्थानीय तहमा Taskforce (कार्यदल) गठन र Focal Person नियुक्त हुनेछन् ।

**क्रियाकलाप १:** खासस्व योजना तर्जुमा गर्ने बारे पालिका स्तरीय सोच र निर्णय

क. पालिका पदाधिकारी जनप्रतिनिधि र कार्यकारीहरुसँग खासस्व योजना तर्जुमा बारेमा पैरवी अन्तरक्रिया
ख. पालिका पदाधिकारी/कार्यपालिकाद्वारा निर्णय र सहमति
ग. सरोकारवाला विकास साझेदार (Development Partner) वा संघीय तथा प्रादेशिक सरकारी निकायहरुसँग वार्ता, परामर्श, मध्यस्तीकरण र निर्णय सहित सहमति तथा समझादारी निर्माण

**क्रियाकलाप २:** खासस्व योजना तर्जुमाका लागि पालिकास्तरीय Visioning Workshop (लक्ष्य निर्धारण कार्यशाला गोष्ठी)

क. सहभागीहरुको छनौट र आमन्त्रण
ख. कार्यशालाको आयोजना
ग. अल्पकालीन (सन् २०२२ सम्म), मध्यकालीन (२०२३-२०२६ सम्म) र दीर्घकालीन (२०२७-२०३०) सम्मको खासस्व योजनाहरुको सोच प्रस्तुति, छलफल र निर्णय
घ. दस्तावेजीकरण (Recording and Reporting)
ङ. खासस्व योजना अवधारणापत्र (Concept Note) को तयारी

गोष्ठीको आयोजना, सहजीकरण र छलफल परामर्श, समूह कार्य (Group Work) बाट पालिका स्तरीय समग्र खासस्व सोच र परिलक्ष्य सहित योजना खाका (Framework) को तयारी गरिनेछ । यो गोष्ठीमा सहजीकरणको लागि दक्ष सहजकर्ताको छनौट गरिनु पर्दछ । ती दक्ष सहजकर्ताहरुले खासस्व क्षेगगत राष्ट्रिय लक्ष, स्रोत, परिदृश्यलाई स्थानीयकरण गरी पालिका स्तरीय सोच, लक्ष्य परिदृश्य सहित खासस्व योजना अवधारणापत्र (Concept Note) को रुपमा अल्पकालीन, मध्यकालीन, दीर्घकालीन योजना खाका तयार गर्नुपर्दछ ।

खासस्व योजना खाकामा आधारित रही तयार गरिएको सो खासस्व योजना तर्जुमा अवधारणा पत्र (Concept Note) मा खासस्व योजनाका सैद्धान्तिक पक्ष, विधि पद्धति र आवश्यक स्रोत र साधनको पनि उल्लेख गरिएको हुनेछ । यसमा स्थानीय तहको जिम्मेवारी, भूमिका, समय अवधि र सरोकारवालाहरुको भूमिका पनि स्पष्ट किटान गरिनु पर्दछ ।

**क्रियाकलाप ३:** पालिका स्तरीय बैठकमा अवधारणा पत्र प्रस्तुत, छलफल र परामर्श

- सो बैठकमा प्राप्त सझाव र पृष्ठपोषण (Feedback) लाई समावेश गरी सो अवधारणा पत्र पारित
- सोही अवधारणा पत्र नै समग्र खासस्व योजनाको मूलभूत मार्ग दर्शन (Guiding Document) दस्तावेज हुनेछ ।

**क्रियाकलाप ४:** पालिका स्तरमा खासस्व योजना तर्जुमा कार्यदल (Task Force) गठन र Focal Person मनोनयन

क. पालिकाको कार्यपालिकामा छलफल र परामर्श पछि कार्यदल गठन र प्रमुख संपर्क व्यक्तिको पहिचान/मनोनयन
ख. खासस्व योजना तर्जुमा प्रक्रियामा कार्यदल र प्रमुख संपर्क व्यक्तिको भूमिका र जिम्मेवारीमा स्पष्टता

**क्रियाकलाप ५:** पालिका स्तरीय परामर्श तथा खासस्व योजना आरम्भ कार्यशाला (Ineption workshop) गोष्ठी (यो गोष्ठीमा प्रत्येक वडाबाट अनिवार्य प्रतिनिधित्वको व्यवस्था गरिनुपर्दछ ।

क. खासस्व योजनाको अवधारणा पत्रको प्रस्तुति, छलफल, परामर्श
ख. सबै सहभागी र वडा तथा समुदाय स्तरका जनप्रतिनिधि र सरोकारवालाहरुलाई खासस्व योजनाको आवश्यकता वोध
ग. समुदायका प्रतिनिधिहरुलाई खासस्व योजना तर्जुमा प्रक्रिया र तथ्याङ्क संकलन विधि तथा पद्धतिहरुको बारेमा जानकारी दिइ सो निम्ति समन्वय, रुजु र प्रमाणीकरण सहयोग गर्नको निम्ति आग्रह र सहमति प्राप्त

## ख. फिल्डवर्क (कार्यस्थल परिचालन), सर्वेक्षण र तथ्याङ्क संकलन चरण

यस चरणमा विशेष दुई प्रमुख क्रियाकलापहरु गरिन्छन् । प्रथम क्रियाकलाप; विज्ञहरुको समूह वा सेवा प्रदायक संस्था को चयन गरिन्छ र उनीहरुलाई खासस्व योजना तर्जुमा प्रक्रिया र NWASH MIS संचालन (Operation/Handling/Practice) अभ्यासको तालिम प्रदान गरिन्छ । दोश्रो क्रियाकलाप चाहि कार्यस्थल परिचालन र तथ्याङ्क संकलन कार्य हो । यस चरणको प्रमुख उद्देश्य पालिका भित्रको समग्र खासस्वको विद्यमान (Existing) अवस्था र स्थितिको वारेमा जानकारी प्राप्त गर्नु र सेवा सुधार, नव निर्माण तथा विस्तारका लागि आयोजनाहरुको पहिचान गर्नु हो ।

यस चरणको अन्तमा निम्न लिखित उपलब्धिहरु हासिल हुने अपेक्षा गरिन्छ ।

क. खासस्व योजना तर्जुमा गर्न विज्ञहरु वा सेवा प्रदायक (सहयोगी संस्था) को पहिचान गरी नियुक्त गरिनेछ र उनीहरुलाई अभिमुखीकरण र आवश्यक तालिमहरु प्रदान गरिएको हुनेछ ।
ख. सेवा प्रदायक संस्थाहरु खासस्व योजना तर्जुमा प्रक्रिया बारे अभिमुखीकरण र तालिम प्राप्त गरेका हुनेछन् ।
ग. सामाजिक आर्थिक तथा प्राविधिक सर्वेक्षण, सूचना संकलन र खासस्व आवश्यकता पहिचान गर्ने कार्य सम्पन्न हुनेछ ।
घ. प्राविधिक पूर्व संभाव्यता स्तरको Geo-reference Data संकलन भएको हुनेछ ।
ङ. तथ्याङ्क र सूचनाहरुलाई विश्लेषण गरी फिल्ड रिपोर्ट तहको प्रारम्भिक प्रतिवेदन तयार भएको हुनेछ ।

**क्रियाकलाप १:** विज्ञहरु, विज्ञहरुको समूह वा सेवा प्रदायक संस्था (कन्सल्टीङ फर्म, गैर सरकारी संस्था) को छनौट र संझौता

**क्रियाकलाप २:** विज्ञहरु, विज्ञहरुको समूह वा सेवा प्रदायक संस्था (कन्सल्टीङ फर्म, गैर सरकारी संस्था) को लागि अभिमुखीकरण र तालिमः सेवा प्रदायक संस्था छनौट भइसके पछि त्यस्ता

संस्था र योजना तर्जुमा संलग्न हुने Human Resource मानव श्रोत कर्मचारीहरुलाई अभिमुखीकरण र तालिम प्रदान गर्नुपर्दछ । यसको लागि एक हप्ताको कार्यक्रम बनाइ सो अभिमुखीकरण र तालिम संचालन गर्नुपर्दछ ।

- ४ दिनको तालिममा पहिलो दिन अभिमुखीकरण (Orientation) को लागि छुट्याउनु पर्छ । सो अभिमुखीकरणमा खासस्व योजना तर्जुमा प्रक्रियाको जानकारी, सैद्धान्तिक पक्षहरु, खासस्व योजना तर्जुमाको लागि तय गरिएको प्रतिवेदन फर्म्याट, तथ्याङ्क औजार (Tools), पद्धति (Methodology) र समय तालिका आदि बारे स्पष्ट जानकारी सहित अपेक्षित उपलब्धि र Deliverables (प्राप्त गर्न चाहेको) प्रतिफलबारे पनि स्पष्ट व्याख्या गर्नुपर्दछ ।

- तालिमको बाँकी ३ दिन तथ्याङ्क/सूचना संकलनका लागि प्रयोग गरिने NWASH MIS संचालनको लागि छुट्याइएको छ । NWASH MIS मा विज्ञता रहेका प्रशिक्षकहरुद्वारा हरेक App हरु कसरी संचालन गर्ने र त्यो कहाँ लक्षित छ तथा त्यसबाट के-कस्ता तथ्याङ्क र सूचनाहरु प्राप्त गर्ने भन्ने बारे प्रशिक्षण दिइन्छ ।

खासस्व योजना तर्जुमाका लागि कार्यस्थल तहमा तथ्याङ्क संकलन र सर्वेक्षणमा काम गर्ने तथ्याङ्क संकलक, सर्वेक्षक वा गणकहरुका लागि छुट्टै ४ दिनको तालिम आयोजना गर्नु पर्दछ । NWASH MIS मा प्रयोग हुने ११ वटा App हरु मध्ये प्रमुख एउटा NWASH Inventory पूर्ण प्राविधिक भएकोले यसका प्रशिक्षार्थीहरु पनि प्राविधिक पृष्ठभूमिकै हुनुपर्दछ । NWASH Inventory बाहेक अन्य सबै APPS हरु पनि के मा लक्षित छन् र कसरी तथ्याङ्क संकलन गर्ने, प्रमाणहरु (Evidence) कसरी जम्मा गर्ने, Upload कसरी गर्ने आदि बारे सो तालिममा जानकारी र अभ्यास मार्फत सेवा प्रदायक संस्थाका ती तथ्याङ्क संकलक, सर्वेक्षक वा गणक प्रशिक्षार्थीहरुलाई दक्ष बनाइन्छ । खासगरी यस्तो प्रशिक्षण अभ्यास (Exercise) स्तरमै गरिन्छ र यसको लागि कार्यक्षेत्र (Field) मै गएर गरिन्छ ।

**क्रियाकलाप ३:** टिम परिचालन (Mobilization) र सर्वेक्षण/सूचना तथा तथ्याङ्कहरु संकलन

- यसका लागि सर्वप्रथम पालिकास्तरमा रहेका विद्यमान खासस्व अवस्थाबारे जानकारी र सूचना तथा तथ्याङ्कहरु संकलन गर्नुपर्दछ । सामाजिक आर्थिक तथ्याङ्कहरु पनि यसमा त्यतिकै जरुरी छ । सामाजिक आर्थिक सर्भेक्षण तथा आवश्यकता पहिचानले खासस्व योजनामा स्थानीय समुदायको आवश्यकताहरु प्राथमिकीकरणका लागि प्राविधिक संभाव्यता हेर्ने आधार निर्माण गर्दछ ।

सामाजिक सर्वेक्षणका लागि NWASH MIS मा Inbuilt गरिएका Mobile Apps हरु लगायत विभिन्न सहभागिता मूलक (Participatory) विधिहरुको प्रयोग गरिन्छ । सामाजिक नक्शा (Social Mapping) सो प्रयोजनको लागि प्रयोग हुने महत्वपूर्ण विधि हो । सामाजिक नक्शांकनले सो क्षेत्रको समग्र स्थिति र संरचनाको नक्शांकन गर्ने भएको हुँदा त्यसपछिका कामहरु सर्वेक्षण गर्नको लागि यो एउटा आधारभूत सूचना हुनेछ ।

खासस्व योजना तर्जुमाका लागि खटिने सर्वेक्षक/गणक/सहजकर्ताले सामाजिक/ श्रोत नक्शांकन (Social Mapping/Resource Mapping) एवम् आवश्यकता पहिचान गर्ने कार्यमा सबै समुदाय तथा तप्काका जनताहरुको सहभागिता तथा संलग्नताको लागि प्रोत्साहित गर्ने अपेक्षा गरिन्छ । सामाजिक आंकलन कार्यका दौरान समुदायहरुलाई स्वच्छता एवम् सरसफाइ प्रवर्द्धन, जलवायु परिवर्तन प्रतिरोधी उपायहरु, विपद व्यवस्थापन, लैङ्गिक समान्ता आदिका लागि सुसूचित एवम् अभिप्रेरित पनि गरिन्छ ।

**प्राविधिक सर्वेक्षण**

१. सामाजिक/श्रोत नक्शांकनबाट प्राप्त सम्बन्धित क्षेत्रभित्रका विद्यमान खासस्व आयोजनाहरुको भ्रमण गरी हरेक संरचना र पाइपलाइनमा उपस्थित भई NWASH MIS को Inbuilt Apps द्वारा सूचना/तथ्याङ्क/प्रमाण र जानकारीहरु संकलन गरिन्छ ।

२. खानेपानी सेवा नपुगेका ठाउँ तथा समुदायहरुमा सो स्थानमा गई GPS Location प्रविष्टी (Entry) गराई समुदायको छलफलद्वारा यथार्थ जनसंख्या सम्बन्धी तथ्याङ्कहरु संकलन गर्नुपर्दछ । सो स्थान र समुदायमा खानेपानी सेवा किन उपलब्ध हुन नसकेको हो सो पहिचान गरी संभाव्य श्रोत र विकल्पहरुको बारेमा छलफल गर्नुपर्छ त्यसपछि संभाव्य श्रोत र विकल्प स्थलहरु भ्रमण गरी भू-सान्दर्भिक सूचना तथा तथ्याङ्कहरु (Geo-referenced Data) संकलन गर्ने कार्य गर्नुपर्दछ । पूर्व संभाव्यता (Pre-feasibility) स्तरका तथ्याङ्क र मोटामोटी लागत पनि त्यसबाट हिसाव गर्न सकिने हुनु आवश्यक छ ।

यस प्रक्रियाको लागि मुख्यत दुई अत्यन्त जरुरी क्रियाकलापमा वडा स्तरीय छलफल र समुदाय स्तरीय छलफल हुन् ।,

**वडा स्तरीय छलफल:** सर्वेक्षणको लागि सेवा प्रदायक संस्थाको टीम सबैभन्दा पहिले वडा स्तरीय भेटघाट, छलफल र परामर्शमा केन्द्रीत हुनुपर्दछ । वडा कार्यालय र वडा जन प्रतिनिधिहरुसँग त्यस वडाको खासस्व अवस्था बारेमा सूचना प्राप्त गर्नुपर्दछ । विद्यमान आयोजनाहरु कहाँ कहाँ छन्, कस्तो अवस्थामा छन्, कहाँ कहाँ सेवा पुग्न नसकेका समुदाय र ठाउँहरु छन्, संभावित विकल्पहरु के हुन सक्छन् यी सबै जानकारहिरु वडा स्तरमा प्राप्त गरी नक्शांकन पनि गर्नुपर्छ जसबाट सेवा प्रदायक संस्थाका सर्वेक्षणहरुलाई काम गर्न सहज र व्यवस्थित हुन सक्दछ ।

वडा स्तरीय छलफल सँगसँगै वा लगत्तै अर्को जरुरी परामर्श र छलफल समुदाय स्तरमा हो ।

**क्रियाकलाप ४:** संकलित सूचना र तथ्याङ्कहरुको पुनरावलोकन (Review)

**क्रियकलाप ५:** तथ्याङ्कहरुको संहिता (Compilation) र प्रारम्भिक फिल्ड प्रतिवेदन तयार

NWASH MIS मा प्रविष्ट तथ्याङ्क, नक्शा र फोटोहरु Upload गरी त्यसबाट प्राप्त तालिका (Table) र प्रतिवेदनहरुको रुजु (Verify) गरी ती सूचना र तथ्याङ्कहरुको आधारमा प्रारम्भिक फिल्ड प्रतिवेदन तयार गर्नु पर्दछ ।

## ग. योजना तर्जुमा प्रतिवेदन र प्रमाणीकरण चरण

सर्वेक्षण चरणबाट प्राप्त सूचना र तथ्याङ्कलाई पुनरावलोकन, रुजु र प्रमाणीकरण गराई सो को आधारमा समस्त खासस्व विकास गतिविधिहरु समावेश हुने गरि योजना तर्जुमा गर्नु र सम्बन्धित पालिकाबाट पारित गराउनु यस चरणको प्रमुख उद्देश्य हो ।

यस चरणको अन्तमा एकीकृत (Integrated) र संयोजित (Coordinated) खासस्व योजना स्थानीय तहबाट पारित भई स्थानीय तह लगायत अन्य सरोकारवालाहरुले यसमा अपनत्व (Ownership) ग्रहण गरेको अवस्था हुनेछ ।

**क्रियाकलाप १:** फिल्ड रिपोर्टको प्रस्तुतीकरण :
यस क्रियाकलापमा फिल्डबाट प्राप्त सूचना, तथ्याङ्क तथा संभावित आयोजनाहरु बारे सर्वेक्षणबाट प्राप्त फिल्ड प्रतिवेदन वडा स्तरीय भेला तथा छलफल गोष्ठीमा प्रस्तुत गर्नुपर्दछ । सो तथ्याङ्क र सूचनाहरुबारे वडा स्तरीय समुदाय तथा जन प्रतिनिधिहरुको राय र सुझाव प्राप्त गर्नु जरुरी छ । त्यसबाट ती सूचना र तथ्याङ्कहरु रुजु (Verify) हुनेछ र सच्याउनु पर्ने भएमा सुझाव अनुसार सच्याउन सकिनेछ । यसरी वडा स्तरीय गोष्ठीबाट प्राप्त सुझाव र पृष्ठपोषणलाई समावेश गरि ती सूचना र तथ्याङ्कहरुको औचित्यता (Validity) तथा विश्वसनियता (Reliability) औचित्यको पुष्टी गरिनेछ । यसै गोष्ठीमा वडा स्तरीय प्रस्तावित र फिल्डवर्कमा प्राप्त भएका आयोजनाहरुको बारे छलफल गराइ ती प्रस्तावित आयोजनाहरुको र दीर्घ सूची (Long List) पनि तयार गरिन्छ ।

**क्रियाकलाप २:** ड्राफ्ट (मस्यौदा) खासस्व योजनाको निर्माण: वडा स्तरीय छलफल र परामर्श गोष्ठीबाट प्रमाणीकरण भएको तथ्याङ्क र सूचनाको आधारमा खासस्व योजना तर्जुमा खाका (Template/Outline) अनुसार मस्यौदा खासस्व योजना तयार गर्नुपर्दछ ।

**क्रियाकलाप ३:** मस्यौदा खासस्व योजनाको प्रस्तुति: सम्बन्धित स्थानीय तहका सबै जनप्रतिनिधि, कार्यपालिका, कार्यकारी, प्राविधिकहरु, कार्यदल (Task Force), Focal Person सहित संभव भएसम्म संघीय र प्रदेशस्तरीय सम्बन्धित मन्त्रालय/विभाग/कार्यालयका प्रतिनिधिहरु र सो स्थानीय तहमा कार्यरत खासस्व क्षेत्रका सरोकारवाला संस्थाका प्रतिनिधिहरु सहित उपस्थित एक दिने गोष्ठीको आयोजना गरी सो मस्यौदा खासस्व योजना प्रस्तुत गर्नुपर्दछ ।

- सो गोष्ठीमा खासस्व योजनामा बुँदागत छलफल गर्न सकिनेछ र सो मा उपस्थित सहभागीहरुको सुझाव, पृष्ठपोषण र Input प्राप्त गरी मस्यौदा योजनामा समावेश गराउनु पर्दछ

- वडा स्तरमा प्राप्त अल्पकालीन, मध्यकालीन, दीर्घकालीन आयोजनाहरुलाई प्राथमिकीकरण (Priortization) का लागि पनि सो गोष्ठीमा सहजीकरण (Facilitation) गर्नु पर्दछ । ती आयोजनाहरुलाई कसरी प्राथमिकीकरण गर्ने र कुन कुन आयोजनामा समावेश गर्ने भन्ने वारेमा सोही गोष्ठीबाट सुझाव ग्रहण गरी ती सबै सुझाव र गोष्ठीको कार्य विवरण (Proceeding) को अभिलेखन (Recording) गरी (Report) प्रतिवेदनमा संलग्न गर्नुपर्दछ ।

**क्रियाकलाप ४:** वास प्लानको अन्तिम प्रतिवेदन प्रस्तुतः

- पालिका स्तरीय गोष्ठीबाट मस्यौदा खासस्व योजनामा प्राप्त सुझाव, पृष्ठपोषण र आयोजनाहरुको प्राथमिकीकरणको आधारमा अन्तिम (Final) खासस्व योजना तयार गरी पुनः पालिकामा प्रस्तुत गर्नुपर्दछ ।

**क्रियाकलाप ५:** Final वास प्लानको पालिका (कार्यपालिका-Municipal Executive ) मा छलफल गरी पारित र प्रमाणीकरण गर्नुपर्दछ ।

यो प्रक्रिया स्थानीय तह संचालन ऐन वमोजिम गरिने छ ।

# ११. खासस्व योजना (वास प्लान) तर्जुमा प्रक्रिया तथा चरणहरुमा ध्यान दिनुपर्ने कुराहरु

योजना तर्जुमाको क्रममा कार्यस्थल (Field) मा रहँदा, समुदायसंगको छलफल र परामर्श गर्दा वडा तह र पालिका तहमा अभिमुखीकरण, परामर्श, गोष्ठी, समुह कार्य (Group Work) र प्रस्तुतीकरण (Presentation) गर्दा हरेक क्रियाकलापहरुको लिखित अभिलेख, वैठक माइन्युट (Meeting Minute) र अन्य कागजातहरु अद्यावधिक गर्नु अत्यन्त आवश्यक हुन्छ ।

त्यसैगरी वडा स्तरमा आगामी योजना र कार्यक्रमहरुवारे छलफल र परामर्श पछि तयार पारिएको दीर्घ सूची (Long-list) पनि सहभागीहरुको हस्ताक्षर सहित वैठक माइन्युट (Meeting Minute) तयार गरी लिखित अभिलेख राख्नु पर्दछ ।

योजना तर्जुमाको अन्तिम चरणतिर पालिका स्तरीय छलफल, परामर्श र पृष्ठपोषणमा पनि पालिका स्तरको अल्पकालीन, मध्यकालीन र दीर्घकालीन खासस्व कार्यक्रमहरु/योजनाहरुको प्रथमिकीकरण अन्तिम लघुसूची (Short-List) तयार गरिँदा सो को बैठक माइन्युट, लिखित अभिलेख उपस्थिति र अन्य कागजातहरु अध्यावधिक गरिनु आवश्यक छ ।

वडा स्तरीय छलफल र परामर्श गोष्ठीमा फिल्ड स्तरमा संकलन गरिएका सूचना र तथ्याङ्कहरुलाई रुजु गरी प्रमाणित गर्नुपर्दछ। यसका लागि फिल्ड स्तरको तथ्याङ्क र सूचना सहितको फिल्ड रिपोर्ट प्रस्तुत गर्नुपर्दछ र उपस्थित सहभागी जनप्रतिनिधि र विकास साझेदारका प्रतिनिधिहरुको सुझाव र पृष्ठपोषणलाई ग्रहण गरी सो रिपोटमा समाहित गर्नुपर्दछ । केही त्रुटी, कमजोरी (Gap) र सूचनामा भिन्नता (Discrepancies) रहेको भेटिएमा तुरुन्त सच्याउनु पर्दछ। यसपछि सो गोष्ठीमा ती वडा क्षेत्रभित्र खासस्व विकास, प्रवर्द्धन र लक्ष्यित उपलब्धि हासिल गर्न के कस्ता आयोजनाहरु आवश्यक छन्, सहभागिता मूलक तवरबाट सहभागीहरुबाट परामर्श लिई भविष्यमा आयोजनाहरुको दीर्घ सूची (Long-list) तयार गरी रुजु गरी प्रमाणित गर्नु पर्दछ ।

वडा स्तरीय छलफल, परामर्श र आयोजनाहरुको तथ्याङ्क, सूचना तथा प्रस्तावित आयोजनाहरुको सूची रुजु गरी प्रमाणित गरिसके पछि मस्यौदा खासस्व योजना तयार गरिन्छ । यसरी तयारी गरेको मस्यौदा योजना पालिका स्तरीयछलफल तथा परामर्श गोष्ठी आयोजना गरी पेश गरिन्छ। यसै गोष्ठीमा प्रस्ताव गरिएका खासस्व क्रिपाकलापहरु तथा आयोजनाहरुको प्राथमिकिकरण गरिन्छ र अल्पकालीन, मध्यकालीन र दीर्घकालीन आयोजनाहरुलाई छुट्याई एकीकृत खासस्व कार्य योजनामा ढालिन्छ ।

पालिकास्तर पृष्ठपोषण, सुझाव र छलफलको निष्कर्षलाई सामेल गरी अन्तिम खासस्व योजना तयार गरिन्छ। सो खासस्व योजना पालिकाबाट प्रमाणीत गराई पालिका कार्यकारी (Municipal Executive) वाट पारित गरिन्छ।

# १२. खासस्व योजना (वास प्लान) को कार्यान्वयन (Implementation)

खासस्व योजना सम्बन्धित स्थानीय तहको निम्ति खासस्व विकास क्रियाकलापहरुका लागि एक जीवन्त रणनैतिक दस्तावेज (Live Strategic Document) को रुपमा रहनेछ। यसबाट सो स्थानीय तहमा कार्यरत विकास साझेदार (Development Partners) तथा सरोकारवालाहरु (Stakeholders) लाई आयोजना निर्माण, सुधार, विस्तार, पुनर्स्थापना साथसाथै क्षमता अभिवृद्धि, सचेतीकरण आदि क्रियाकलापहरुका लागि मार्गदर्शन प्राप्त हुन्छ । यो दस्तावेज (Document) को माध्यमद्वारा स्थानीय तहहरुले संघीय, प्रादेशिक सरकार, विकास साझेदार तथा सरोकारवालाहरुसँग खासस्व क्षेत्र विकासका लागि वार्ता, योजना, संझौता र वजारीकरण (Marketing) गर्न सक्दछन् ।

यस खासस्व योजनामा समावेश गरिएका आयोजनाहरुलाई निर्दिष्ट गरे अनुसार अल्पकालीन, मध्यकालीन र दीर्घकालीन कार्यान्वयनका लागि यसले मार्ग प्रशस्त गर्दछ । यो एक जीवन्त (Live Document) दस्तावेज भएकोले आवश्यकतानुसार यसरी अध्यावद्धिक (Updating) गर्नु पनि त्यतिकै जरुरी हुन आउँछ ।

- विषयगत निकायहरु (Sectoral Agencies) तथा विकास साझेदार (DPs) सँग खासस्व योजनाको प्रसार, पैरवी, वार्ता र वजारीकरण (Marketing)

- स्थानीय समुदाय, वडा तथा पालिक स्तरबाट प्राथमिकीकरण गरिएका आयोजनाहरु कार्यान्वयन गर्न लगानी जुटाउने (Investment) अवसरको रुपमा यसको प्रयोग महत्वपूर्ण हुन सक्ने ।

- जलवायु परिवर्तन अनुकुलन (Adaptation), लचकता (Resilience) र पुर्नउत्थानशिलता तथा विपद जोखिम न्यूनीकरण (Mitigation) आदि प्रयासहरुमा पनि खासस्व योजना अत्यन्त महत्वपूर्ण दस्तावेजको रुपमा रहने

- खासस्व योजना तर्जुमा भई पारित भइसकेपछि पनि यसरी पुनरावलोकन, अद्यावधिक र समिक्षा Periodic Basis (आवधिक आधारमा) मा भइराख्नु पर्ने भएकोले यसको निम्ति संयन्त्र (Mechanism) को पनि व्यवस्था गरिनु आवश्यक हुन्छ ।

स्थानीय तहद्वारा निर्माण गरिने खासस्व योजना हरेक २ वर्षमा पुनरावलोकन र परिमार्जन गरिन्छ। खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा २ वर्षको अवधिमा भएका परिवर्तनलाई अध्यावधिक गरी सो खासस्व योजनाले तोकेको लक्ष्य र कार्यक्रमहरु पूरा गर्न बाँकि के कति भौतिक, वित्तिय र मानव स्रोतको आवश्यकता पर्दछ सो को पनि पुनरावलोकन र परिमार्जन गरि दस्तावेजीकरण गरिन्छ। स्थानीय खासस्व योजनाको पुनरावलोकन, परिमार्जन र अध्यावधिक गर्नका लागि स्थानीय तहका खासस्व एकाइ वा शाखा जिम्मेवार हुनेछन् र त्यसका लागि सम्वन्धित Focal Person, WASH Officer वा IT Officer ले NWASH MIS को प्रयोग तथा संचालनको दक्षता हासिल गरेको हुनु पर्नेछ ।

आवधिक पुनरावलोकन, परिमार्जन र अध्यावधिक गर्नका लागि कुन कुन प्रश्नावली, सूचक तथा तथ्यांकहरु आवश्यक पर्दछ सो को स्पष्ट पहिचान सहित अभिलेखीकरण संलग्न प्रश्नावलीमा गरिएको छ ।

# १३. समय तालिका (Time-Frame)

खासस्व योजना तर्जुमा प्रक्रियाको निम्ति सबैभन्दा महत्वपूर्ण पक्ष भनेको प्राविधिक सूचना र तथ्याङ्कहरु संकलन गर्नका निम्ति गरिने प्राविधिक सर्वेक्षण हो ।

खासस्व योजना तर्जुमा गर्दा मौजुदा तथा प्रस्तावित खानेपानी प्रणाली/योजनाहरुको पहिचान र सर्वेक्षणका लागि पानीको मुहान/श्रोतको भ्रमण, मापन र अन्य पक्षहरुको सूचना र तथ्याङ्क संकलन अनिवार्य हुन्छ । यसका निम्ति पानीको श्रोतको बहाव (Flow/ Yield) मापन गर्न सबैभन्दा उपयुक्त समय सुख्खा (Dry) मौसम हो । यस वाहेक अन्य सबै काम जुनसुकै समय र मौसममा पनि गर्न सकिन्छ ।

सबै काम र क्रियाकलापहरुको श्रृंखलावद्ध (Sequential) योजना बनाइ काम सञ्चालन गर्नु उपयुक्त हुन्छ । यसका लागि स्थानीयतहको भौगोलिक क्षेत्रफल, जनसंख्या र स्थानीयतहको तहगत प्रणाली (Hierarchy) (गाउँपालिका, नगरपालिका, उप-महानगरपालिका र महानगरपालिका) लाई समेत ध्यानमा राखेर खासस्व योजना तर्जुमा गर्न न्यूनतम ६ महिना देखि ८ महिनासम्म लाग्ने हुन आउँछ ।

समुदायसंगको छलफल, परामर्श, वडास्तरीय परामर्श/छलफल गोष्ठी र पालिकास्तरमा विभिन्न चरणमा गरिने परामर्श गोष्ठीहरुका लागि पनि तयारी र सचेतनाको लागि समय छुट्याउनु आवश्यक हुन्छ ।

प्राविधिक अध्ययन (सर्वेक्षण) संगै सामाजिक अध्ययन लगायत तथ्याङ्क/सूचनाहरुको संकलन विश्लेषण र प्रतिवेदन लेखन प्रस्तुतिका लागि पनि निश्चित समयको योजना बनाउनु पर्दछ ।

खासस्व योजना तर्जुमाका लागि उपयुक्त समय-तालिका अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

# १४. मानव संसाधन व्यवस्था (Human Resource)

खासस्व तर्जुमा निम्ति सम्बन्धित स्थानीय तहबाट नियुक्त सेवा प्रदायक संस्था/परामर्शदाता संस्था/गैर सरकारी संस्था वा विज्ञहरुको समूहमा बहु-विषयगत (Multi-disciplinary) दक्षता भएमा व्यक्ति तथा विज्ञहरुको आवश्यकता पर्छ ।

एकजना टोली नेता (Team Leader) ले टिम परिचालन र समग्र काम र त्यसको परिणाम (Result) को जिम्मेवारी लिनु पर्दछ र सम्बन्धित पालिका/Task Force वा Focal person संग निकट रही परामर्श सहित काम गर्नुपर्दछ । योजना तर्जुमाका लागि नियुक्त निज सेवा प्रदायक टोलीले पालिकाको उपयुक्त स्थानमा आफ्नो कार्य संचालन-कार्यालय स्थापना गरी समग्र कार्यको परिचालन, अनुगमन र सुपरीवेक्षण गर्नु पर्दछ ।

विशेषगरी प्राविधिकस्तरको सर्वेक्षण, NWASH MIS को NWASH Inventory लगायत केही App हरु को माध्यमद्वारा सूचना तथा तथ्याङ्क संकलन गर्नको लागि इञ्जिनियरिङ्ग प्राविधिक पृष्ठभूमि (इञ्जिनियर वा सब-इञ्जिनियर) भएका विज्ञ/सर्वेक्षण/गणकको आवश्यकता पर्दछ । त्यसैगरी सरसफाइ तथा स्वच्छता लगायत अन्य सामाजिक-जनसांख्यिक तथ्याङ्कहरु/सूचनाहरु संकलन गर्न समुदायसंग छलफल, परामर्श गर्न र सामाजिक स्रोत नक्साङ्कन लगायत FGD (केन्द्रित समूह छलफल), Key Informants Interview (मुख्य सूचनादातासंग अन्तवार्ता) आदिका लागि सामाजिक सहजकर्ता र परिचालकहरु पनि त्यतिकै आवश्यकता पर्दछन् ।

MIS App ले संकलन गरेका समग्र सूचना र तथ्याङ्कहरु Upload गर्न र NWASH व्यवस्थित रुपमा Upkeeping र Operation गर्न दश कम्प्युटर इञ्जिनियर वा IT Expert को पनि टीममा आवश्यकता पर्दछ। NWASH MIS का तथ्याङ्कहरु र त्यसबाट निर्मित तालिका/टेवल, ग्राफ तथा नक्शाहरुलाई विश्लेषण गर्न, प्रतिवेदन लेखन र प्रस्तुसत गर्न एक दक्ष योजनाकार र प्रतिवेदन लेखनकर्ता पनि प्रमुख रुपमा टिममा रहनु जरुरी छ। यसका निम्ति टोली नेता (Team Leader) ले नै जिम्मेवारी लिनु वाञ्छनिय हुन्छ ।

माथि उल्लेखित मानव संसाधनका अलावा सम्बन्धित पालिकाले खासस्व योजना तर्जुमा टिमलाई सहयोग र सहजीकरण गर्नको लागि VMW र अन्य सामाजिक परिचालकहरु सहित आफ्ना कर्मचारीहरु पनि खटाउन सक्दछ ।

समग्रमा खासस्व योजना तर्जुमाका लागि सेवा प्रदायक संस्थाका तर्कबाट निम्नअनुसारको मानव संशाधनको व्यवस्था गरिनु आवश्यक छ,

१. Team Leader (खासस्व विज्ञ/योजना विज्ञ) - टोली नेता (१ जना)
२. समाजशास्त्री : १ जना

३. सूचना प्रविधि (IT) विज्ञः १ जना

४. इन्जिनियर/सब इन्जिनियर (सर्वेक्षक)/गणक : ५-३३ जना (प्रति वडा एकका दरले)

५. सामुदायिक सहजकर्ता/सामाजिक परिचालक : ५-१५ जना

खासस्व योजना तर्जुमा प्रक्रियामा संलग्न हुने माथि उल्लेखित मानव स्रोत संशाधनको कार्य जिम्मेवारी निम्नानुसार हुनेछ ।

| क. सं. | पद | कार्य तथा जिम्मेवारी |
|---|---|---|
| १. | टोली नेता<br>Team Leader<br>(खासस्व विज्ञ/योजना विज्ञ) | • खासस्व योजना तर्जुमामा संलग्न हरेक विज्ञ, गणक वा व्यक्तिहरुको कार्य संपादन को प्रभावकारीता वढाउन पूर्ण जम्मेवारी वहन गर्ने ।<br>• पालिका स्तरको खासस्व योजनाको तर्जुमा गर्दा प्रयोग हुने NWASH MIS प्रयोग र संचालनका लागि सर्वेक्षक वा गणकहरुलाई लागि तालिम दिने ।<br>• सम्वन्धित पालिका, संघिय तथा प्रादेशिक सरोकारवाला निकाय, विकास साझेदार र खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था अनि समुदायसंग संपर्क, समन्वय र परामर्श गर्ने ।<br>• खासस्व योजनाको उद्धेश्य अनुरुप आवश्यक खासस्व सूचक, प्रश्नावली, जाँच सूची, सर्वेक्षण फाराम, प्रतिवेदन फाराम आदिको विकास र प्रयोग निम्ति छलफल, परामर्श र समन्वय गर्ने ।<br>• सम्वन्धित पालिका क्षेत्रभित्रको खानेपानी तथा सरसफाइ सम्वन्धि संरचनाहरुको प्राविधिक, सामाजिक, व्यवस्थापकिय र वातावरणीय पक्षमा सुचारुपन, प्रभावकारिता र दिगोपनको अवस्था पहिचान गर्ने ।<br>• खासस्वका आयोजनाहरुवाट सम्वन्धित उपभोक्ताहरुले के कस्ता फाइदाहरु प्राप्त गर्न सकेका छन् सोको निर्क्योल गर्ने ।<br>• मौजुदा खासस्वका आयोजनाहरुको आधारमा सम्वन्धित पालिकाको खासस्व अवस्था पहिचान भइसकेपछि त्यसको विश्लेषण गरि प्राविधिक, सामाजिक, व्यवस्थापकिय र वातावरणीय पक्षवाट कारणहरु पहिचान गर्ने र सो का आधारमा नयाँ आयोजनाहरु तर्जुमा गर्न स्थानीय तहलाई सघाउने ।<br>• पालिका स्तरीय खासस्व सरोकारवालाहरुसंग आवश्यक समन्वय गर्ने<br>• सम्वन्धित पालिकाको स्तरीय खासस्व योजना तर्जुमा गर्नका निम्ति आवश्यक सवै प्रकारका अध्ययन, परामर्श, सर्वेक्षण, व्यवस्थापन, समन्वय र तथ्याङ्क संकलन तथा विश्लेषण कार्यमा नेतृत्व र जिम्मेवारी लिने । |

| | | |
|---|---|---|
| | | • पालिका खासस्व योजना लेखन गर्ने, विभिन्न स्तरवाट प्राप्त पृष्ठपोषण र Input सामेल गर्ने, खासस्व योजना सम्वन्धित स्थानीय तहमा पेस गरि पारित गराउने । |
| २. | समाजशास्त्री | • पालिका खासस्व योजना तर्जुमाको क्रममा field study मा रहने सर्वेक्षक/गणकहरुलाई सहयोग गर्ने; विशेष गरी सामजिक आर्थिक सर्वेक्षण र अध्ययनमा निजहरुलाई मार्गदर्शन गर्ने ।<br>• खासस्व योजनाको उद्धेश्य अनुरुप सामाजिक पक्षका आवश्यक खासस्व सूचक, जाँच सूची, प्रश्नावली, सर्वेक्षण फाराम, प्रतिवेदन फाराम आदिको विकास र प्रयोग निम्ति छलफल, परामर्श र समन्वय गर्ने तथा सो का निम्ति टोली नेतालाई सल्लाह प्रदान गर्ने र सघाउने ।<br>• सर्वेक्षण र अध्ययनवाट प्राप्त तथ्याङ्क तथा सूचनाहरुको विश्लेषण गर्ने र खासस्व योजनामा आवश्यक Input प्रदान गर्दे ।<br>• टोली नेतालाई खासस्व योजना लेखन कार्य तथा समग्र खासस्व योजना तर्जुमा प्रक्रियामा सघाउने |
| ३. | सूचना प्रविधि (IT) विज्ञ | • समग्र खासस्व योजना तर्जुमा प्रक्रियामा आवश्यक पर्ने तथ्याङ्क तथा सूचनाहरुको आवश्यक प्रविष्टिकरण, भण्डारण, व्यवस्थापन, प्रशोधन, तालिकिकरण र विश्लेषण गर्ने ।<br>• फिल्ड स्तरमा तथ्याङ्क तथा सूचना संकलनमा रहेका सर्वेक्षक वा गणकहरुसंग निकट संपर्क तथा समन्वयमा रहि तथ्याङ्क संकलन कार्यमा सघाउने, मार्गदर्शन गर्ने । |
| ४. | सर्वेक्षक/गणक | • खासस्व योजना तर्जुमा प्रक्रियामा उल्लेख भएअनुसार फिल्ड स्तरमा तथ्याङ्क तथा सूचना संकलन गर्ने ।<br>• खासस्व योजना तर्जुमा निर्देशिकाले मार्गदर्शन गरे अनुसार हरेक आयोजना भ्रमण गरि सम्वन्धितहरुसंग छलफल र परामर्श गरेर निर्णय भएअनुसारको तथ्याङ्क संकलन विधि प्रयोग गरि आवश्यक सर्वेक्षण, अध्ययन गर्ने ।<br>• NWASH Application Tools प्रयोग तथा संचालनमा आवश्यक दक्षता प्राप्त गरि हरेक तथ्याङ्क तथा सूचनाहरुको पूर्णता र शुद्धता (Completeness and Accuracy) को यकिन गर्ने र सोही अनुसार तथ्याङ्क संकलन गर्ने ।<br>• संकलित तथ्याङ्क तथा सूचनाहरुको प्रमाणिकता र विश्वसनियता (Validity and Reliability) कायम गर्ने ।<br>• संकलित तथ्याङ्क तथा सूचनाहरुको गोपनियता कायम गर्ने र सम्वन्धित उत्तरदाता लाई सो वारे विश्वस्त वनाउने । |

| | | |
|---|---|---|
| | | • सम्वन्धित पालिका, टोली नेता, टिमका अन्य सहकर्मीहरु, पालिका स्तरीयकार्यदल, संपर्क व्यक्ति, वडा तथा समुदाय स्तरका जनप्रतिनिधि, सरोकारवाला आदि सवैसंग समन्वय गरि काम गर्ने । |

# अनुसूचीहरू

अनुसूची - १

## खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) योजना (वास प्लान ) को खाका

कार्यकारी सारांश

### अध्याय १

### खासस्व योजनाको परिचय

१.१ पृष्ठभूमि

१.२ औचित्य

१.३ उद्देश्य

१.४ समयावधि

१.५ सीमितता / अध्ययनका सिमा

१.६ तयारी विधि र प्रक्रिया

१.६.१ योजनाको ढांचा, सर्वेक्षण औजार र आवश्यक जनशक्ति व्यवस्थापन

१.६.२ पालिका स्तरीय अभिमुखीकरण गोष्ठी तथा सहमति निर्माण

१.६.३ तथ्याङ्क संकलन

१.६.४ तथ्याङ्क प्रशोधन, विश्लेषण तथा मस्यौदा तयारी

१.६.५ खासस्व योजना प्रमाणीकरण गोष्ठी

१.६.६ खासस्व योजना अन्तिम प्रतिवेदन तयारी

# अध्याय २

## गाउँ / नगर पालिकाको वस्तुगत विवरण

२.१ भौगोलिक अवस्थिति र बनोट

२.२ पहुंच

२.३ भूउपयोग तथा वातावरण

२.४ जात जाति र जनसांख्यिक विवरण

२.५ आर्थिक गतिविधि र पेशा

२.६ जनसंख्याको गतिशिलता र बसाइ सराइको स्थिति

२.७ भौतिक पूर्वाधार

२.८ सरसफाइ तथा स्वास्थ्य अवस्था

२.९ गाउँ / नगर पालिकामा उपलब्ध अन्य कार्ययोजनाहरु

२.१० अन्य कार्ययोजनाहरु र खासस्व योजना बिचको अन्तर सम्बन्ध

२.११ खासस्व क्षेत्रमा कार्यरत बिकासका साझेदारहरु

# अध्याय ३

## खानेपानी, सरसफाइ तथा स्वच्छता स्थिति[१]

३.१ गाउँ / नगर पालिकाको खानेपानीको अवस्था

३.१.१ पानीको प्राथमिक श्रोतहरु

३.१.२ खानेपानीका चालु योजनाहरु

३.१.३ पालिकामा खानेपानी सेवाको पंहुच

३.१.४ पानीको गुणस्तर

३.१.५ खानेपानी योजनाहरुको सुचारुपन/कार्यक्षमता

३.१.६ सुरक्षित तरिकाले व्यवस्थापन गरिएका खानेपानी प्रणालीहरु

३.१.७ खानेपानी योजनाहरुको संचालन तथा मर्मत संभार अवस्था

३.१.८ खानेपानीको सुविधाबाट वन्चित समुदाय, घरधुरी र जनसंख्या

३.१.९ संस्थागत (शैक्षिक संस्था र स्वास्थ्य संस्था) खानेपानी सुविधा

३.१.१० जलवायु परिवर्तनका असर, विपद जोखिम व्यवस्थापन र चुनौतीहरु

३.२ सरसफाइ तथा स्वच्छताको अवस्था

३.२.१ घरयासी सरसफाइ तथा स्वच्छताको अवस्था

३.२.२ सार्वजनिक र सामुदायिक शौचालय

३.२.३ शैक्षिक संस्थाहरुमा सरसफाइ तथा स्वच्छता अवस्था

३.२.४ स्वास्थ्य संस्थाहरुमा सरसफाइ तथा स्वच्छता अवस्था

३.२.५ वातावरणीय सरसफाइको अवस्था (ठोस फोहोर, दिसाजन्य लेदो तथा ढल प्रणाली)

३.२.६ महामारीको प्रकोप

३.३ पूर्ण सरसफाइ तर्फको समग्र अवस्था

---

[१] आवधिक रुपमा पुनरावलोकन, परिमार्जन र अध्यावधिक गरिने ।

### ३.४ विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनका प्रयासहरु

### ३.५ निर्माणाधिन आयोजनाहरु

### ३.६ आयोजना कार्यान्वयनमा जनताको चासो र योगदानका लागि तत्परता

# अध्याय ४

## खानेपानी, सरसफाइ तथा स्वच्छता लक्ष्य, योजना तथा रणनीति

### ४.१ खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको सोच तथा परिलक्ष्य

### ४.२ राष्ट्रिय लक्ष्य, अवधि र रणनीति (क्षेत्रगत सुधार योजना) संगको मिलान र तालमेल

### ४.३ खानेपानी योजनाहरुको सेवा स्तर र सुविधामा पंहुचद्द

४.३.१ जनसंख्याको प्रक्षेपण

४.३.२ स्रोत साधनहरुको प्रक्षेपण (भौतिक, वित्तिय तथा मानविय स्रोत)

### ४.४ सरसफाइ तथा स्वच्छता लक्ष्य

### ४.५ विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

### ४.६ बैकल्पिक प्रविधि

४.६.१ थोक वितरण प्रणाली

४.६.१ अन्य संभावित विकल्पहरु

### ४.७ योजना तथा क्रियाकलापहरुको प्राथमिकीकरण

### ४.८ पूर्ण सरसफाइ लक्ष्य प्राप्ति योजना

---

[२] आवधिक रुपमा पुनरावलोकन, परिमार्जन र अध्यावधिक गरिने ।

# अध्याय ५

## खानेपानी, सरसफाइ तथा स्वच्छता (खासस्व) कार्ययोजना[३]

५.१. खानेपानी आयोजनाहरुको पहिचान

५.१.१ नयां खानेपानी आयोजनाहरु

५.१.२ संचालित खानेपानी आयोजनाहरुको मर्मत सम्भार, पुनर्निर्माण, स्तरोन्नती

५.१.३ श्रोत संरक्षण

५.१.४ खानेपानी सुरक्षा योजना, गुणस्तर परीक्षण र गुणस्तरको सुनिश्चितता (Water Safety Plan/ Quality Test/ Quality Assurance)

५.२ सरसफाइ योजनाहरु : नयाँ, मर्मत/पुनर्निर्माण/सुबिधा विस्तार/सुबिधास्तर सुधार तर्फ

५.२.१ घरायसी शौचालय निर्माण तथा स्तरोन्नति

५.२.२ संस्थागत शौचालय निर्माण तथा स्तरोन्नति (सार्वजनिक स्थल, संस्था र विद्यालयहरुमा शौचालय, पानी तथा हात धुने सुबिधा सहित)

५.२.३ व्यवस्थित ठोस फोहोर व्यवस्थापन कार्यक्रम

५.२.४ व्यवस्थित ढल व्यवस्थापन कार्यक्रम (दिसाजन्य लेदो तथा ढल प्रणाली)

५.२.५ महिनावारी स्वच्छता अभिवृद्धि कार्यक्रम (ःभलकतचगबा ज्थनष्भलभ ःबलबनभ्झभलत)

५.३ जलवायु परिवर्तन अनुकूलन तथा प्रकोप जोखिम न्यूनीकरण

५.४ पालिकास्तर तथा समुदायस्तरमा क्षमता विकासका कार्यक्रम

५.५ पूरक विषय तथा सवालहरु ९ऋचयकक ऋगततष्लन क्षककगभक० र त्यसको सम्वोधन

५.५.१ लैंगिक जागरण, संवेदनशिलता र मूलप्रवाहीकरण

---

[३] आवधिक रुपमा पुनरावलोकन, परिमार्जन र अध्यावधिक गरिने ।

५.५.२ मैत्री अवधारणा (वाल मैत्री, अपांग मैत्री, वातावरण मैत्री, वरिष्ठ नागरिक मैत्री, महिला मैत्री) मा आधारित संरचनाहरू

# अध्याय ६

# श्रोत विश्लेषण[४]

६.१ एकीकृत (खासस्व) कार्ययोजना तालिका

६.२ श्रोत विश्लेषण

६.२.१ वित्तीय श्रोत

६.२.२ मानव श्रोत

६.२.३ भौतिक श्रोत

६.३ अन्य सम्भाव्य लगानीका स्रोतहरू

[४] आवधिक रुपमा पुनरावलोकन, परिमार्जन र अध्यावधिक गरिने ।

# अध्याय ७

## संस्थागत संरचना र क्षमता अभिवृद्धि[५]

७.१ पालिकाको संगठन र खासस्व योजना कार्यान्वयन तथा अनुगमन संयन्त्रको पहिचान तथा विश्लेषण

७.२ खासस्व योजना कार्यान्वयन तथा अनुगमनका लागि आवश्यक मानव श्रोतको व्यवस्था

७.३ खासस्व समन्वय समितिहरु

७.४ समन्वय, सम्वन्ध तथा अनुगमन मूल्याङ्कन र योजना परिमार्जन

[५] आवधिक रुपमा पुनरावलोकन, परिमार्जन र अध्यावधिक गरिने ।

# अध्याय ८

## खासस्व योजनाको कार्यान्वयन र अनुगमन

८.१ खासस्व योजनाको कार्यान्वयन

८.१.१ योजना कार्यान्वयन अवधारणा

८.१.२ योजना परिमार्जन

८.२ अनुगमन योजना ९:यलष्तयचष्लन या एबिल०

८.२.१ अनुगमन ढाँचा तथा पद्दति

८.२.२ सूचक

८.२.३ अनुगमनको तह

८.२.४ अनुगमन विधि

८.३ निष्कर्ष तथा भावी कार्यदिशा

८.३.१ सिकाइहरु

८.३.२ कार्यविधि निर्माण, स्वीकृति र जारी

८.३.३ कार्यविधि अनुरुप खासस्व योजना कार्यान्वयन तथा अनुगमन

८.३.४ पूरक विषय तथा सवालहरु र त्यसको सम्वोधनका लागि व्यवस्था (Cross Cutting Issues/ Concerns/ Address)

परिशिष्टहरू :

Tables from MIS Software

Maps based on GIS with Mobile APPs

Cost and Quantity Breakdown

Questionnaires

Inventory Report Generated from the Software

**अनुसूची - २**

## एकीकृत खासस्व कार्ययोजना[६]

**.........................................पालिका**

| क सं | क्षेत्र | कार्यक्रमहरु | प्रकार | श्रोत | स्थान / सेवाक्षेत्र | लाभान्वित घरधुरी | लाभान्वित जनसंख्या | अनुमानीत लागत | संभावित श्रोतहरु | योजना अवधि | | | जिम्मेवार व्यक्ति, संस्था वा निकाय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | सन् २०२२ सम्म | सन् २०२३ देखि २०२६ सम्म | सन् २०२७ देखि २०३० सम्म | | |
| १ | **खानेपानी** | नयाँ खानेपानी योजना निर्माण | | | | | | | | | | | | |
| | | खानेपानी योजना मर्मत तथा स्तरोन्नति | | | | | | | | | | | | |
| | | मुल (श्रोत) सुधार तथा संरक्षण योजना | | | | | | | | | | | | |
| | | खानेपानी सुरक्षा योजना, गुणस्तर परीक्षण, गुणस्तरको निश्चितता<br>सुरक्षित खानेपानी समुदाय घोषणा | | | | | | | | | | | | |
| २ | **सरसफाइ र स्वच्छता** | घरयासी शौचालय | | | | | | | | | | | | |
| | | सार्वजनिक तथा संस्थागत शौचालय | | | | | | | | | | | | |

[६] यो एकीकृत खासस्व कार्ययोजना हरेक २ वर्षमा पुनरावलोकन, परिमार्जन र अध्यावधिक गरिन्छ। आवधिक रुपमा पुनरावलोकन, परिमार्जन र अध्यावधिक गर्दा २ वर्षको अवधिमा हासिल भएका प्रगति र उपलब्धिका सूचकहरु सहित यो कार्ययोजनामा बाँकी कार्यक्रमहरुका लागि आवश्यक पर्ने भौतिक, वित्तीय तथा मानव स्रोतको स्पष्ट लेखाजोखा प्रविष्ट गराउनु पर्दछ।

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ठोस फोहोर व्यवस्थापन | | | | | | | | | | | | |
| | | दिसाजन्य लेदो व्यवस्थापन | | | | | | | | | | | | |
| | | महिनावारी स्वच्छता व्यवस्थापन | | | | | | | | | | | | |
| | | बिद्यालय खानेपानी सरसफाइ तथा स्वच्छता व्यवस्थापन | | | | | | | | | | | | |
| | | खुल्ला दिसामुक्त क्षेत्र प्रवर्द्धन, स्वस्थ तथा सफा क्षेत्र र पूर्ण सरसफाइ उन्मुख अभियान कार्यक्रम सञ्चालन | | | | | | | | | | | | |
| ३ | **क्षमता विकास** | शिपमूलक तालिम | | | | | | | | | | | | |
| | | कर्मचारी क्षमता विकास तालिम | | | | | | | | | | | | |
| | | जनचेतना मूलक अभियान सञ्चालन | | | | | | | | | | | | |
| | | उपभोक्ता समिति क्षमता अभिबृद्धि तालिम सञ्चालन | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | **पुरक विषयका योजनाहरु** | लैगिंक तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरण | | | | | | | | | | | | |
| | | प्रयोगकर्ता मैत्री संरचनाहरु | | | | | | | | | | | | |
| | | जलबायु परिवर्तन सचेतना तथा जोखिम प्रतिरोधी संरचना निर्माण सचेतना | | | | | | | | | | | | |
| ५ | **निर्माण सामाग्री व्यवस्थापन** | बाह्य सामाग्री | | | | | | | | | | | | |
| | | स्थानीय सामाग्री | | | | | | | | | | | | |
| ६ | **व्यवस्थापन र अनुगमन योजना** | सूचना प्रणाली स्थापना तथा व्यवस्थापन | | | | | | | | | | | | |
| | | अनुगमन तथा वास योजना परिमार्जन | | | | | | | | | | | | |
| | | मूल्याकंन | | | | | | | | | | | | |
| **जम्मा लागत** | | | | | | | | | | | | | | |
| **गाउँ / नगर पालिका संग उपलब्ध रकम** | | | | | | | | | | | | | | |
| **नपुग रकम** | | | | | | | | | | | | | | |
| **संभावित श्रोत** | | | | | | | | | | | | | | |

**अनुसूची - ३**

## स्थानीय तहको खासस्व योजना तर्जुमा प्रक्रियाका लागि समय तालिकाको नमूना (Indicative Time Frame for WASH Plan Formulation at Palika Level)

| क. सं. | क्रियाकलापको विवरण | समय तालिका Timeline | | | | | | | | | | | | | | | | | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पहिलो महिना | | दोश्रो महिना | | | | तेश्रो महिना | | | | चौथो महिना | | | | पाँचौ महिना | | | | छैटौं महिना | | | | सातौ महिना | | |
| | | III | IV | I | II | III | IV | I | II | III | IV | I | II | III | IV | I | II | III | IV | I | II | III | IV | I | II | |
| प्रारम्भिक चरण (INCEPTION PHASE) | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | खासस्व योजना तर्जुमा सम्बन्धी पालिकाको सोच र निर्णय, पालिका स्तरीय निर्णय | ■ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | संघीय, प्रान्तिय सरकारी निकाय वा विकास साझेदार संस्थाहरु (Development Partner) संगको वार्ता, परामर्श र छलफल निर्णय सहित समझदारी र सहमती | ■ | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | Visioning Workshop (लक्ष्य निर्धारण कार्यशाला गोष्ठी)<br><br>खासस्व योजना अवधारणापत्र (Concept Note) को तयारी | | ■ | ■ | | | | | | | | | | | | | | | | | | | | | | |
| | अवधारणापत्रको प्रस्तुति (पालिकास्तरमा)<br><br>अवधारणापना माथि छलफल, परामर्श र सुझाव तथा पृष्ठपोषणको प्राप्ति | | ■ | ■ | | | | | | | | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पालिकास्तरीय खासस्व योजना आरम्भ कार्यशाला (Ineption workshop) | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | समझदारी पत्रमा हस्ताक्षर<br>पालिकास्तरमा Task Force (कार्यदल) र Focal Person (मुख्य संपर्क व्यक्ति) नियुक्त/मनोनयन | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | **फिल्डवर्क (कार्यस्थल परिचालन), सर्वेक्षण र तथ्याङ्क संकलन चरण** | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | विज्ञहरु वा सेवा प्रदायकहरुको छनौट | | | | | | | | | | | | | | | | | | | | | | | | | **फिल्डवर्क (कार्यस्थल परिचालन), सर्वेक्षण र तथ्याङ्क संकलन चरण पालिकाको आकार,मानव संशाधनको स्थिति र दक्षता अनुसार घटिवढि हुन सक्दछ। यहां दिइएको समय तालिका सामान्य अवस्थामा आधारित हो।** |
| | उनीहरुका लागि तालिम र परिचालन<br><br>अभिमुखीकरण र तालिम | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | सेवा प्रदायक टोलीको परिचालन | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | वडास्तरीय छलफल, परामर्श, गोष्ठी | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | तथ्याङ्क/सूचना संकलन, अनुगमन<br><br>तथ्याङ्क/सूचनाहरुको पुनरावलोकन | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | फिल्ड वर्क सम्पन्न, तथ्याङ्क र सूचनाहरुको प्रविष्टिकरण<br><br>सूचना र तथ्याङ्कहरुको प्रशोधन र तालिकाहरुको पुनरावलोकन<br><br>फिल्ड रिपोर्ट (प्रारम्भिक खासस्व योजना) | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | **योजना तर्जुमा प्रतिवेदन र प्रमाणीकरण चरण** | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | प्रारम्भिक खासस्व योजना माथि वडास्तरीय छलफल, परामर्श गोष्ठी<br><br>वडा स्तरमा सूचना र तथ्याङ्कहरु रुजु, छलफल, परामर्श, वडा स्तरीय प्रमाणीकरण | | | | | | | | | | | | | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नयाँ योजनाहरु माथि छलफल र नयाँ आयोजनाहरु प्रस्ताव दिर्घ सूची/ प्रविष्टिकरण | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | मस्यौदा खासस्व योजना तयार, पालिका स्तरीय गोष्ठीमा प्रस्तुति<br><br>सुझाव, पृष्ठपोषण संकलन | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | अन्तिम खासस्व योनजा तयारी र प्रमाणीकरण<br><br>पालिका कार्यपालिकाको बैठकबाट सो खासस्व योजनाहरुमा छलफल, स्वीकृति र स्वामित्व ग्रहण | | | | | | | | | | | | | | | | | | | | | | | | | |

# अनुसूची - ४

## प्रश्नावलीहरू

## अनुसूची - ५

### बजेट आंकलन गर्न सहयोगको लागि एकाइ दररेट

| क्र.सं. | क्रियाकलाप | एकाइ | दररेट, रु हजार | कैफियत |
|---|---|---|---|---|
| १ | **खानेपानी सेवा/सुविधा** | | | |
| | नयाँ खानेपानी आयोजना निर्माण | लाभान्वित हुने जनसंख्या | १८-४० | |
| | मौजुदा खानेपानी प्रणालीको पुनर्निर्माण,सुधार विस्तार | लाभान्वित हुने जनसंख्या | १३-२८ | |
| | मुल (श्रोत) सुधार तथा संरक्षण योजना , | लाभान्वित हुने जनसंख्या | १५-३० | |
| | खानेपानी सुरक्षा योजना, गुणस्तर परीक्षण, गुणस्तरको निश्चितता सुरक्षित खानेपानी समुदाय घोषणा | लाभान्वित हुने जनसंख्या | ९-२० | |
| २ | **सरसफाइ र स्वच्छता सम्बन्धी सेवा/सुविधा** | | | |
| | घरयासी शौचालय | गोटा | ३००-६०० | |
| | सार्वजनिक तथा संस्थागत शौचालय | गोटा | १०००-२५०० | |
| | ठोस फोहोर व्यवस्थापन | लाभान्वित हुने जनसंख्या प्रति वर्ष | ०.३५०-०.७०० | |
| | दिसाजन्य लेदो व्यवस्थापन/ढल प्रणाली | लाभान्वित हुने जनसंख्या | २०-४५ | |
| | महिनावारी स्वच्छता व्यवस्थापन | लाभान्वित हुने जनसंख्या प्रति वर्ष | ०.२००-०.४०० | |
| | बिद्यालय खानेपानी सरसफाइ तथा स्वच्छता व्यवस्थापन | विद्यालयको संख्या प्रति वर्ष | १००-२०० | |
| | खुल्ला दिसामुक्त क्षेत्र प्रवर्द्धन, स्वस्थ तथा सफा क्षेत्र र पूर्ण सरसफाइ उन्मुख अभियान कार्यक्रम सञ्चालन | प्रति वडा प्रति वर्ष | २००-४०० | |
| ३ | **क्षमता विकास** | | | |
| | शिपमूलक तालिम | प्रतिव्यक्ति प्रति दिन | २-४ | |
| | कर्मचारी क्षमता विकास तालिम | प्रतिव्यक्ति प्रति दिन | २-४ | |
| | जनचेतना मूलक अभियान सञ्चालन | प्रतिव्यक्ति प्रति दिन | १-२ | |
| | उपभोक्ता समिति क्षमता अभिबृद्धि तालिम सञ्चालन | प्रतिव्यक्ति प्रति दिन | १-२ | |

| | | | | |
|---|---|---|---|---|
| **४** | **पुरक विषयका योजनाहरु** | | | |
| | लैगिंक तथा सामाजिक समावेशीकरण मुलप्रवाहीकरण | प्रति वडा प्रति वर्ष | १५०-३०० | |
| | प्रयोगकर्ता मैत्री संरचनाहरु | प्रति वडा प्रति वर्ष | २००-४०० | |
| | जलबायु परिवर्तन सचेतना तथा जोखिम प्रतिरोधी संरचना निर्माण सचेतना | प्रति वडा प्रति वर्ष | १५०-३०० | |
| **५** | **व्यवस्थापन र अनुगमन योजना** | | | |
| | सूचना प्रणाली स्थापना तथा व्यवस्थापन | प्रति पालिका प्रति वर्ष | ८००-१००० | |
| | अनुगमन तथा वास योजना परिमार्जन | प्रति पालिका प्रति वर्ष | ३००-६०० | |
| | मूल्याकंन | प्रति पालिका प्रति वर्ष | २००-४०० | |